धार्मिक-सांस्कृतिक सहिष्णुता कायम राखौं
एकअर्काको धर्मसंस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं । एकापसमा भेदभाव नगरौं, धार्मिक-सांस्कृतिक सहिष्णुता कायम राखौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratee kdaily.com

❖ वर्ष ३७ ❖ २०८० असोज १९ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 October 06 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ४८

## क्षेत्रफल र जनसङ्ख्याले बारा ठूलो भएपनि बाराभन्दा पर्सामा बढी बजेट विनियोजित

प्रस, वीरगंज, १८ असोज/

पर्साभन्दा बारा क्षेत्रफल तथा जनसङ्ख्याको हिसाबले बढी भए तापनि




मधेस सरकारले पर्सालाई बढी बजेट पठाएको छ ।

मधेस सरकारले बारा, पर्सामा रहेका मातहतका कार्यालयहरूलाई चालू र पूँजीगत खर्च गर्न पठाएको बजेट पर्साभन्दा बारामा कम रहेको पाइएको छ । हुनत बारा निवासी मुख्यमन्त्री भए तापनि कम बजेट पाएपछि बारावासीले गुनासो गरेका छन् ।

आव २०८०/८१ को लागि पर्साले चालू र पूँजीगत गरी तीन अर्ब ९३ करोड ६१ लाख बजेट पाएको छ भने बाराले एक अर्ब २० करोड १२ लाख पाएको छ। बाराको भूगोल र जनसङ्ख्या पर्साभन्दा बढी छ । बाराको क्षेत्रफल १२७२.४९ वर्ग किलोमिटर छ। त्यस्तै, जनसङ्ख्या छ लाख ९० हजार ५८४ छ। दुई उपमहानगर, पाँच नगरपालिका, नौ गाउँपालिका गरी १६७ वटा वडा रहेका छन् ।

त्यसैगरी, पर्सामा एउटा महानगरपालिका, तीनवटा नगरपालिका, १० वटा गाउँपालिका र ११२ वटा वडा रहेका छन् । पर्साको कुल जनसङ्ख्या पाँच लाख ९५ हजार ४८६ तथा क्षेत्रफल ७८४.६३ वर्ग किलोमिटर छ ।

पर्साको हकमा मधेस प्रदेश सरकारले चालूतर्फ ७७ करोड ८४ लाख, पूँजीगततर्फ तीन अर्ब १५ करोड ७७ लाख बजेट पठाएको छ ।

बाराको हकमा चालूतर्फ ६३ करोड ५१ लाख र पूँजीगततर्फ ५६ करोड ६० लाख बजेट दिएको छ ।

बारा र पर्साका प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार बारामा रहेको प्रदेश कोलेनिकालाई चालूतर्फ दुई करोड ४६ लाख, घरेलु तथा साना उद्योगलाई चालूतर्फ एक करोड ९४ लाख ५४ हजार, पूँजीगततर्फ ३० लाख ४० हजार, कृषि ज्ञान केन्द्रलाई चालूतर्फ दुई करोड ५७ लाख ९० हजार, पूँजीगततर्फ ९० लाख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई चालूतर्फ दुई करोड ५९ लाख, पूँजीगततर्फ चार करोड ३६ लाख, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयलाई चालूतर्फ दुई करोड ११ लाख, पूँजीगततर्फ १२ करोड २१ लाख, जलस्रोत तथा सिंचाइ डिभिजन कार्यालयलाई चालूतर्फ एक करोड ८६ लाख, पूँजीगततर्फ दुई करोड ३० लाख, डिभिजन वन कार्यालयलाई चालूतर्फ सात करोड ३९ लाख, पूँजीगततर्फ तीन करोड १५ लाख, शिक्षक तालीम केन्द्र बारालाई चालूतर्फ दुई करोड ६० हजार, पूँजीगततर्फ २६ लाख, स्वास्थ्य तालीम केन्द्रलाई चालूतर्फ छ करोड ७३ लाख, पूँजीगततर्फ २९ लाख, प्रादेशिक अस्पताललाई चालूतर्फ सात करोड ७८ लाख, पूँजीगततर्फ तीन करोड २७ लाख, स्वास्थ्य कार्यालयलाई चालूतर्फ दुई करोड २९ लाख, पूँजीगततर्फ आठ करोड ८७ लाख, आयुर्वेद कार्यालयाई पूँजीगततर्फ एक करोड २२ लाख र चालूतर्फ दुई लाख बजेट विनियोजन गरेको छ ।

त्यसैगरी, पर्सामा मधेस प्रदेश सरकारले प्रदेश लेखा एकाइ कार्यालयलाई चालूतर्फ २० करोड ४२ लाख, पर्यटन कार्यालयलाई चालूतर्फ एक करोड ५९ लाख र पूँजीगततर्फ ३८ करोड ८५ लाख, घरेलु तथा साना उद्योगलाई चालूतर्फ तीन करोड ३३ लाख र पूँजीगततर्फ १३ लाख ७३ हजार, उद्योग विभागलाई चालूतर्फ दुई करोड ७६ लाख र पूँजीगततर्फ ५९ लाख ९० हजार, कृषि ज्ञान केन्द्रलाई चालूतर्फ दुई करोड ३३ लाख र पूँजीगततर्फ पाँच करोड २५ लाख, भेटेरिनरी अस्पताललाई दुई करोड ५९ लाख तथा पूँजीगततर्फ चार करोड ९२ लाख, जलस्रोत तथा सिंचाइ डिभिजन कार्यालयलाई चालूतर्फ एक करोड ८६ लाख र पूँजीगततर्फ २८ करोड ९७ लाख, भूमिगत, जलस्रोत सिंचाइ डिभिजन

(बाँकी अन्तिम पातामा)

## नेशनल पानी उद्योगमा प्रशासनद्वारा सिलबन्दी



तस्वीर: प्रतीक

प्रस, परवानीपुर, १८ असोज/

बारा, प्रसौनी गाउँपालिका-३ स्थित नेशनल पानी उद्योगमा जिल्ला प्रशासन कार्यालय, बाराले सिलबन्दी गरेको छ।

कलैयामा बिक्री वितरणको क्रममा उद्योगको एउटा बोतलमा माकुरा भेटिएपछि अनुगमन गर्दै प्रशासनले उद्योगमा सिलबन्दी गरेको हो। जिप्रका, बाराका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्य नेतृत्वको टोलीले उद्योगमा सिलबन्दी गरेको र उद्योगका सञ्चालक विजय यादवलाई नियन्त्रणमा लिएको थियो ।

सप्रजिअ आचार्यका अनुसार उपभोक्ताले स्वास्थ्यको ख्याल गर्दै बोतलको प्रशोधित पानी पिउने गरे तापनि सावधानी अपनाउन आग्रह गरे । उनले सिलबन्द बोतलको पानीमा माकुरा भेटिनुले जनताको स्वास्थ्यसँग उद्योगले खेलबाड गरेको र उद्योगविरुद्ध कानूनी प्रक्रिया अगाडि बढाइएको जानकारी गराए ।

उद्योग अनुगमन गर्ने क्रममा नेशनल पानीका तीनवटा लोगो भेटिएको, उद्योग परिसरमा जथाभावी फोहर फालिएको, उद्योगले प्रशोधित पानी भर्ने खाली बोतलहरू व्यवस्थित नरहेकोसमेत भेटिएको छ ।

पानी उद्योगले पालना गर्नुपर्ने मापदण्ड र नियमविपरीत सो उद्योग सञ्चालन भएकोले सिलबन्दी गरी सञ्चालकलाई नियन्त्रणमा लिइ अनुसन्धान अगाडि बढाइएको सप्रजिअ आचार्यको भनाइ छ ।

## मुलुक धार्मिक र आर्थिक सङ्कटमा -खनाल

प्रस, वीरगंज, १८ असोज/

नेकपा समाजवादी पार्टीका वरिष्ठ नेता झलनाथ खनालले मुलुक अहिले राजनीतिक, आर्थिक, सांस्कृतिकरूपमा गहिरो सङ्कटमा फस्दै गएको बताएका छन् ।




तस्वीर: प्रतीक

पार्टीले आयोजना गरेको पूर्व-पश्चिम समाजवाद जागरण कार्यक्रम अन्तर्गत बिहीवार वीरगंज आइपुगेका नेता खनालले आयोजित कोणसभामा नेपालमा रहेका कुनै पनि दललाई अहिलेसम्म जनताले नपत्याएको अवस्थामा सरकार चलिरहेको बताए। अहिले कसैको बहुमत छैन, मिलिभगत सरकार चलिरहेकाले जनताले कुनै दललाई नपत्याएको उनले बताए ।

उनले मुलुकमा सङ्घीयता लागू भएपछि जनताले स्थिर सरकारको लागि दुई तिहाइको बहुमत दिए पनि संविधान बनाउन महत्त्वपूर्ण भूमिका निभाएको दम्भमा केपी शर्मा ओलीले संसद् विघटन गरेपछि मुलुक राजनीतिक सङ्कटमा फस्दै गइरहेको आरोप लगाए । पूर्ण बहुमत दिंदा पनि ओलीको सरकारले पटकपटक संसद् विघटन गरेपछि त्यसपछि भएको निर्वाचनमा जनताले कुनै पनि दललाई पूर्ण बहुमत नदिएकोले मुलुक राजनीतिक सङ्कटमा फस्दै गएको बताए ।

उनले देशमा आर्थिक सङ्कट पनि उत्तिकै गहिरो रहेको बताए । आर्थिक सङ्कटको कारण अहिले महँगीको मारमा परेको जनतालाई राज्यले सहयोग गर्नुपर्ने बेलामा उल्टै सरकारी खर्च तिर्न नसकेको आरोप लगाए । भन्सारबाट उठेको राजस्वले अहिले सङ्घ र प्रदेश सरकारको खर्च धान्न सक्ने अवस्था नरहेको बेला जनताको अवस्था पनि राम्रो नरहेको बताए । त्यसैले यी सबै अवस्था सुधार्न समाजवादको नारा लिएर नेकपा समाजवादी पूर्व-पश्चिम अभियानको रूपमा जनचेतना जगाउन अगाडि बढेको बताए । जनचेतनाको क्रममा संविधानले दिएको अधिकार अनुरूप समाजवाद र पूँजीवादबीचको लडाइँ लड्दै पार्टी अगाडि बढिरहेको उनको जिकिर थियो ।

नेता खनालले सांस्कृतिक सङ्कट ल्याउन विदेशीको ठूलो हात रहेको पनि बताए । देशलाई धार्मिक द्वन्द्वमा पारी अहिले पूर्व-पश्चिमका जनतालाई विभाजित गर्ने कार्य विदेशीहरूले गरिरहेको बताए। विदेशीले कतै मस्जिद, कतै चर्च, कतै मन्दिर बनाएर जनतालाई एकापसमा विभाजित गरी धार्मिक युद्धमा नेपाललाई लैजाने उनीहरूको योजना रहेको बताए। धर्मको नाममा एकापसमा लडाउने शक्तिलाई पहिचान गरी सरकारले कारबाई गर्नुपर्ने बताए ।

जिल्ला अध्यक्ष बालगोपाल थापाको अध्यक्षतामा भएको कार्यक्रममा महासचिव विजय पौडेल, केन्द्रीय सदस्य नागेन्द्र चौधरी, अनेरास्ववियुका आरती लामा, महिला सङ्गठनकी अध्यक्ष जयन्ती राईलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा स्वागत चिरञ्जीवी आचार्य र सञ्चालन बृजलाल पासवानले गरेका थिए ।

## छठअगावै श्रीसियावासीलाई मुआवजा दिने सहमति, चक्काजाम स्थगित

प्रस, परवानीपुर, १८ असोज/

वीरगंज-२५ श्रीसियावासीहरूले पाँच




तस्वीर: प्रतीक

दिनदेखि गर्दै आएको चक्काजाम बिहीवारदेखि स्थगित गरेका छन् । श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालय, वीरगंज र श्रीसियावासीबीच तीन बुँदे सहमति भएपछि गाउँलेहरूले धर्ना तथा चक्काजाम कार्यक्रम फिर्ता लिएको मुआवजा सङ्घर्ष समितिका अध्यक्ष अशोक चौधरीले बताए।

उनले सरकारले आगामी दशैंदेखि छठको बीचमा मुआवजा रकम निकासा गर्ने, अग्रीम लाभकर फिर्ता गर्ने र स्ववासी जग्गाको मुआवजा दिने सम्बन्धमा सकारात्मक रहेको र छठअगावै गाउँलेहरूका तीनवटै माग पूरा गर्ने प्रतिबद्धता जनाएकोले सहमति गरिएको जानकारी गराए ।

विगत आठ वर्षदेखि सरकारले मुआवजा रकमको समस्या नसुल्झाउँदा गाउँलेहरू मर्कामा परेका छन्। श्रीसिया सुक्खा बन्दरगाह विस्तारको क्रममा २०७२ सालमा सरकारले जग्गा अधिग्रहण गर्न रोक्का राखेको थियो । सरेह र घडेरी गर्दै करीब ६२ बिघा जग्गा सरकारले अधिग्रहण गरेकोमा सोबापतको कुल मुआवजा रकम साढे पाँच अर्बमध्ये तीन अर्ब सरकारले मुआवजा दिइसकेको र अढाई अर्ब मुआवजा दिन बाँकी रहेको बताइएको छ। पटकपटकको आन्दोलन र ताकेतापछि सरकारले मुआवजा नदिएपछि पीडित गाउँलेहरूले असोज १४ गतेदेखि चरणबद्ध आन्दोलन शुरू गरेका थिए । जसको कारण पाँच दिनसम्म सुक्खा बन्दरगाह भन्सारको राजस्व सङ्कलन प्रभावित भएको थियो ।

सुक्खा बन्दरगाह भन्सारले एक दिनमा १२ देखि १५ करोड रुपैयाँ राजस्व सङ्कलन गर्दै आएको छ ।




चक्काजाम खुलेपछि सुक्खा बन्दरगाह भन्सारबाट मालवाहक कन्टेनर गन्तव्यतर्फ जाँदै ।

## विचारसार र सूक्तिहरू

**सानासाना परिवर्तनले पनि विशाल परिणाम ल्याउन सक्छ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

# अदूरदर्शिताको परिणाम

**तीनै तहको सरकारले स्वास्थ्य र शिक्षालाई प्राथमिकतामा राखेर काम गर्दै आएको दाबी गरिरहँदा बारा जिल्लाको सिम्रौनगढ नगरपालिकामा रहेको नगर अस्पताल अढाई महीनादेखि बन्द रह्यो । लामो समयसम्म बन्द भएपछि जनदबाबमा बिहीवारदेखि सञ्चालनमा आएको छ । नगर अस्पताल बन्द हुनुको कारण त्यहाँ कार्यरत २२ जना स्वास्थ्यकर्मी, कर्मचारीहरूको करार अवधि थप नगर्नु अनि उनीहरूको तलब नदिनु हो । काम गरेपछिको तलब दिनुपर्छ भन्ने सामान्य मान्यता हो । त्यसमा पनि स्थानीय पालिकाले प्राथमिकतामा राखेको स्वास्थ्य क्षेत्रका मानिसहरू तलब माग गर्दै यति लामो समयसम्म आन्दोलन गर्नु कुनै पनि दृष्टिकोणबाट जायज होइन। २२ जना कर्मचारीको करार अवधि थप नगर्नु अनि उनीहरूको तलब रोकिनुको उचित कारण सिम्रौनगढ नगरपालिकाले दिन सकेको छैन । नगरप्रमुखले साउन १ गतेदेखि करार थपेनन् तर उनीहरूमध्ये कतिपयको पाँचदेखि सात महीनाको बाँकी तलबभत्ता पनि दिएनन् । करारको मतलब निश्चित अवधिसम्म काम गर्नु हो, सदाको लागि होइन । नगरपालिकाले कामको आवश्यकता हेरेर करारमा नियुक्ति गर्न सक्छ र आवश्यकता नभएको खण्डमा हटाउन पनि सक्छ ।**

**तर हामीकहाँ करार, दैनिक ज्यालादारीमा आवश्यकता हेरेर भन्दा पनि कार्यकर्ता पाल्नका लागि नियुक्ति गरिन्छ । अघिल्लो नगरप्रमुखले ती २२ जना स्वास्थ्यकर्मीलाई करारमा नियुक्त गरेका हुनाले अहिलेका नगरप्रमुखलाई उनीहरूको करार अवधि सकेपछि हटाएर आफ्नो कार्यकर्ता भर्ती गर्न हतारो परेको होला ? होइन भने एकजना मेडिकल अफिसर र तीनजना दरबन्दीका गरी चारजना स्थायी कर्मचारी रहेको नगर अस्पतालको सेवा प्रवाहित हुनेगरी २२ जना करारका कर्मचारीलाई एकैपटक हटाउनुपर्ने कुनै कारण छैन । त्यो पनि अस्पतालजस्तो संवेदनशील ठाउँबाट । नगरप्रमुखलाई यतिको कुरा थाहा नभएको पनि होइन तर चारैतिर यस्तो प्रवृत्ति हाबी भएकोले सिम्रौनगढका नगरप्रमुखले पनि यस्तो दुस्साहस देखाए। भर्खरको कुरा हो वीरगंज महानगरपालिकाले सात सय बढी दैनिक ज्यालादारीका कर्मचारीलाई एकसाथ हटायो। त्यसअघि अहिलेका नगरप्रमुखले पुराना नगरप्रमुखले बहाल गरेका करीब ९० जनालाई एकसाथ अवकाश दिएका थिए । पुराना नगरप्रमुखले सो पदमा आफ्ना मानिस अर्थात् कार्यकर्ताहरूलाई बहाल गरेका थिए भने नयाँले हटाएर आफ्नो राखे । यो होइन कि कर्मचारीहरूको आवश्यकता नभएको तर आफ्नो हुनुपर्ने मनोवृत्तिले अघिल्लो हटाएर आफ्नालाई बहाल गरियो। एक चरणमा दुई सय बढी करारमा नियुक्ति गरियो फेरि दुई महीना नबित्दै हटाइयो अनि त्यसपछि एक/एक गरेर सात सय कर्मचारी बहाल गरियो ।**

**३२ वडामा वडाध्यक्षको हिस्सामा ६/६ जना परे बाँकी नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतसमेतको हिस्सेदारीमा सात सय बढी कर्मचारी भर्ना गरियो, तलब खुवाइयो । मासिक डेढ करोड उनीहरूमा खर्चिनुको कुनै उचित कारण थिएन । हुँदो हो भने एकसाथै त्यत्तिका कर्मचारीहरूलाई अवकाश दिनुपर्दैन थियो। सिम्रौनगढ नपाको अवस्था पनि वीरगंजसँग मिल्दोजुल्दो नै हो । तर काम गरेकाहरूलाई उनीहरूको पारिश्रमिक दिने, करार अवधि सकिएकाहरूलाई आवश्यकता अनुसार एकपछि अर्को गरी हटाउने र कार्यकर्ताहरू भर्ना गरेको भए सिम्रौनगढ नगर अस्पताल अढाई महीना बन्द हुँदैन थियो होला ।**

# जीवन र खाद्यको आधार हो पानी

विचार



पुरुषोत्तम ब. रौनियार

**अध्ययनले काठमाडौं उपत्यकाको भूमिगत पानीमा लिड, क्याडमियम र क्रोमियम जस्ता विषाक्त धातु उच्च मात्रामा तथा इनारहरूमा इकोली ब्याक्टेरिया भेटिएको छ । त्यसैगरी खानेपानीका स्रोतहरू अव्यवस्थित फोहर नदीहरूका कारण माइक्रोबियल प्रदूषणका शिकार भइरहेको छन् ।**

'जीवन र खाद्यको आधार हो पानी' भन्ने नारासहित यस वर्ष ४३ औं विश्व खाद्य दिवसको अवसरमा पानी र यसको महत्त्व देश तथा अन्तर्राष्ट्रियस्तरमा छलफलको विषय बनेको छ । पानी पृथ्वीमा जीवनको अस्तित्वको लागि आधारभूत तत्त्व हो । पानीले हाम्रो शरीरको करीब ५० प्रतिशत तथा पृथ्वीको ७१ प्रतिशत हिस्सा ओगेटेको छ। कुल उपलब्ध पानीको जम्मा २.५ प्रतिशत पिउन, कृषि कर्म तथा औद्योगिक प्रयोजनको लागि उपभोग गर्न शुद्ध रहेको छ तथा यस उपलब्ध पानीमध्ये पनि ७० प्रतिशत कृषि क्षेत्रमा खर्च हुन्छ भने १९ प्रतिशत उद्योग क्षेत्रमा र बाँकी ११ प्रतिशत पिउनलगायत गार्हस्थ्य प्रयोजनमा उपयोग हुन्छ। खाद्यको मूल आधार नै पानी हो, जसका कारण पृथ्वीको हरेक तत्त्व गतिशील रहेको छ। मानव जीवन चक्र तथा प्रकृतिको ऊर्जाशिलताको मूल स्रोत नै पानी हो भन्दा पानीविना मानव जीवन र प्रकृतिको कल्पनासमेत गर्न सकिंदैन। महासागरदेखि नदी, ताल र मुहानसम्मका जलस्रोतहरू पर्यावरण, जीवन तथा जैविक विविधताको आश्रयको रूपमा रहेका छन् । यी जलस्रोतहरू मानव सभ्यता, संस्कृतिको विकासदेखि आधुनिक संसारको आर्थिक प्रणालीलाई चलायमान राखी बहुसङ्ख्यक मानिसको जीवन यापनसँग प्रत्यक्ष जोडिएको छ । सन् २०१५ मा संयुक्त राष्ट्रसङ्घको साधारण सभाबाट अनुमोदन भएका १७ वटा महत्त्वाकाङ्क्षी दिगो विकासको लक्ष्यमध्ये छैठौं लक्ष्य–सबैको निम्ति खानेपानीको साथै सरसफाइ उपलब्धता र यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने रहेको छ।

उद्योगीकरण, बढ्दो जनसङ्ख्या, विकासोन्मुख देशको चरम गरीबी र न्यून आर्थिक विकास तथा जलवायु परिवर्तनका कारण जलस्रोत तथा पानीको अनियमित तथा अव्यवस्थित उपभोग बढ्दै गएको देखिन्छ, जसले गर्दा पानीको उपलब्धता र गुणमा ह्रास आउँदै गएको छ। दुई–तिहाईभन्दा धेरै पानी कृषि क्षेत्रमा खर्च हुने हुँदा पानी सङ्कट र यसको अभावले खाद्यान्न उत्पादन र उत्पादकत्वमा प्रत्यक्ष असर गरिरहेको छ । जनसङ्ख्या वृद्धि र आयातमा निर्भर गरीब देशलाई खाद्य आपूर्ति र यसको व्यवस्थापन कठिन चुनौती बन्ने निश्चित छ । खाद्य तथा कृषि सङ्गठन (FAO) का अनुसार हाल दुई अर्ब चालीस करोड मानिस पानी अभाव भएको (Water stressed nation) देशहरूमा बस्छन् जसमध्ये धेरै साना किसान, महिला, आदिवासी जनजाति, आप्रवासी र शरणार्थीहरू छन् जो पहिलेदेखि नै आफ्नो दैनिक आवश्यकता पूरा गर्न सङ्घर्ष गरिरहेका छन् ।

पानीको अभाव द्वन्द्वको बढ्दो कारण बन्दै गएपछि यस अमूल्य स्रोतको लागि प्रतिस्पर्धा बढ्दै गएको छ । भारतमा वाटर म्यान (Water man) को रूपमा चिनिने तथा रामन म्यागसेसे अवार्ड (२००१) र स्टकहोल्म वाटर पुरस्कार (२०१५) बाट सम्मानित राजेन्द्र सिंहका अनुसार आतङ्कवाद र सामाजिक द्वन्द्वको सम्बन्ध पानीको अभावसँग प्रत्यक्षरूपले जोडिएको र तेस्रो विश्वयुद्ध पनि पानी सङ्कटले नै निम्त्याउने हुँदा हामीले मानवको सुरक्षित भविष्यको लागि पानी संरक्षण र व्यवस्थापन गर्न आवश्यक छ। पानी अभाव र सङ्कटले हाल मध्य पूर्वी एशिया र अफ्रिकी मुलुकका मानिस युरोपमा बसाइँसराइ गर्ने क्रम बढ्दो छ। सिरियाकै उद्धरण दिनुपर्दा कुनै बेला कृषिको लागि उत्तम भूगोल रहेको तर टर्कीले बाँध निर्माण गरेपश्चात् त्यहाँको मानव समाज नै परिवर्तित भई हाल द्वन्द्व र चरम आर्थिक सङ्कटबाट गुज्रिरहेको कुरा सर्वविदितै छ ।

नेपालको परिवेशमा पानीको उपलब्धता र उपयोगिता असमान त छँदैछ, असन्तुलित पनि छ । मनसुनमा अधिकतम र गैरमनसुन महीनामा पानीको उपलब्धता न्यून हुन्छ । मनसुनमा कुल ११८.९५ बिघन (बिलियन घनमिटर) पानी भारततर्फ बग्छ, यसको ठूलो हिस्सा, बाँध निर्माण गरी भण्डारण गरेमा बाढीबाट हुन सक्ने जनधनको क्षतिको व्यवस्थापन तथा गैरमनसुन समयमा कृषि क्षेत्रमा सिंचाइको लागि प्रयोग गर्न सकिन्छ । जल तथा ऊर्जा आयोग सचिवालयको २०११ को प्रतिवेदन अनुसार नेपालले २२५ बिघमिमध्ये जम्मा १५ बिलियन घनमिटर पानी मात्र उपभोग गर्दछ। नेपालमा हुने पानीको उपलब्धताको तुलनामा त्यसको भण्डारण र प्रयोग अति न्यून छ। FAO Aquastat, २०२१ को तथ्याङ्क अनुसार दक्षिण एशियामा देशहरूको औसत बाँध क्षमता १७,१४४ छ भने नेपालको जम्मा ८५ छ। बाँधसम्बन्धी विश्व आयोगको २००० को अध्ययन अनुसार विश्वको आधा ठूला बाँधहरू विशेषरूपमा सिंचाइका लागि बनाइएको हुन्छ र विश्वव्यापीरूपमा २७१ मिलियन हेक्टर सिंचाइ हुने जमीन अनुमानित ३०–४० बाँधमा निर्भर छ। बाँधहरूले विश्व खाद्य उत्पादनको अनुमानित १२–१६ प्रतिशतसम्म योगदान गर्दछन् । करीब एक अर्ब मानिस जलाशययुक्त सिंचाइबाट उत्पादित खाद्यान्नमा निर्भर छन् । नेपालमा रहेका ६००० भन्दा बढी नदी र हिमनदीको अध्ययन गरी दीर्घकालीन रणनीति र योजना निर्माण गरी उपयुक्त र सम्भव ठाउँमा बाँध बनाई देशको सम्पूर्ण भागमा सिंचाइ सुविधा पुऱ्याई कृषिमा आत्मनिर्भर हुने प्रचुर सम्भावना छ । साथै यस्ता बाँधबाट थप बिजुली उत्पादन गरी विदेशमा निर्यात गर्दा देशको रोजगार वृद्धि, ग्रामीण भेगमा सडकको पहुँच तथा देशकै आर्थिक विकासमा ठूलो टेवा पुग्नेछ। नेपाल सरकार पनि यस्ता किसिमको बाँध निर्माण गर्न अग्रसर रहेको देखिन्छ, पन्ध्रौं योजनाको मध्यावधि समीक्षा प्रतिवेदन अनुसार यस अवधिमा १२०९ कि.मि तटबन्ध निर्माण भएको छ र सत्तरीवटा जलस्रोतसम्बन्धी अध्ययन/अनुसन्धान भएको छ ।

नेपालमा पनि पानीको अभावमा थुप्रै क्षेत्र मरुभूमिमा परिणत हुँदै गएको छ। हरेक वर्ष शहरी क्षेत्रमा खानेपानीको अभाव र असिंचित क्षेत्रमा कृषिको लागि समयमा पानी उपलब्ध हुन सकिरहेको छैन । ब्रिटिश जियोलोजिकल सर्वेक्षण २००१ अनुसार तराईका केही भागमा सतही भूमिगत पानीमा प्राकृतिक आर्सेनिकको प्रदूषण पाइएको छ जुन पिउनको लागि उपयुक्त नभए तापनि सिंचाइको लागि प्रयोग गर्न सकिन्छ । अध्ययनले काठमाडौं उपत्यकाको भूमिगत पानीमा लिड, क्याडमियम र क्रोमियम जस्ता विषाक्त धातु उच्च मात्रामा तथा इनारहरूमा इकोली ब्याक्टेरिया भेटिएको छ । त्यसैगरी खानेपानीका स्रोतहरू अव्यवस्थित फोहर नदीहरूका कारण माइक्रोबियल प्रदूषणका शिकार भइरहेको छन् । जलवायु परिवर्तनका कारण जलभृत (Aquifer) मा पानीको अभावले यस वर्ष तराईका शहरी तथा ग्रामीण क्षेत्रमा पानीको अभाव देखियो। स्थानीय तहले अन्य सरोकारवाला निकायको सहयोगमा लाखौं रकम खर्च गरेर पानी आपूर्तिको व्यवस्था त गरे, तर के यो दीर्घकालीन समाधान हो ? यो छलफलको विषय हुन सक्छ। समुदायमा आधारित पानी व्यवस्थापन र हाम्रो मौलिक जीवन शैलीका कारण हजारौं वर्षदेखि हामी कुनै रकम खर्च नगरी पानी उपभोग गरिरहेका थियौं तर आजको आधुनिक समाजमा हाम्रो जलस्रोतका क्षेत्र अतिक्रमित भएका छन्, नदी, तालको पानी औद्योगिक प्रदूषणको शिकार भएको छ, चुरे क्षेत्र र नदीजन्य पदार्थको अवैज्ञानिक उत्खनन र अव्यवस्थित उपभोग बढेको छ। उद्योगबाट उत्पादित पानी बोतल र जारको माध्यमबाट पैसा तिरेर पिउने समाज निर्माण भएको छ। हाल जलस्रोतसम्बन्धी सिंचाइ नियमावली, जलस्रोत नियमावली, जलस्रोत ऐन, राष्ट्रिय जलस्रोत नीति, जल उत्पन्न प्रकोप व्यवस्थापन नीति, सिंचाइ नीति तथा स्थानीय सरकार सञ्चालन ऐन प्रयोगमा रहेको छ । जलस्रोतसम्बन्धी नीतिगत निर्णय लिने, व्यवस्थापन तथा नियमन गर्ने सङ्घ, प्रदेश तथा स्थानीय तहमा अधिकार बाँडफाँड रहे तापनि जलस्रोतको क्षेत्रमा विश्वको परिवेशलाई सम्बोधन गर्दै हामीसँग भएका विभिन्न जलस्रोतसम्बन्धी कानूनी दस्तावेज अद्यावधिक र यसको योजनाबद्ध कार्यान्वयन आवश्यक छ। यद्यपि पन्ध्रौं योजनाको मध्यावधि समीक्षा प्रतिवेदन अनुसार तीन तह सरकारको समन्वय र साझेदारीमा अन्तरजलाधार र जलाशययुक्त बहुउद्देशीय आयोजनाको अध्ययन तथा कार्यान्वयनमा कठिनाई रहेको छ।

पानीको बुद्धिमानी तथा योजनापूर्वक सदुपयोग गर्ने समय आएको छ। हामीले थोरै पानी प्रयोग गरेर बढी उत्पादन लिनुका साथै यसको स्रोतको सबै क्षेत्रमा उचित प्रयोग, भावी पुस्ताको लागि जलस्रोत उपलब्धताको सुनिश्चतता तथा संरक्षण गर्दै पर्यावरणमा हुने नकारात्मक प्रभावको न्यूनीकरण, कोही पछि नछुटून् भन्ने लक्ष्यका साथ सबै अगाडि बढ्न आवश्यक छ । साथै नीतिगत तहमा जलस्रोतसम्बन्धी केही परिवर्तन गर्दा नदी, जलस्रोत तथा तटीय क्षेत्रको संरक्षण, पानी तथा जलस्रोत व्यवस्थापनको निमित्त विज्ञान तथा तथ्याङ्कमा आधारित नीति निर्माण आवश्यक छ। यस्तो नीति लागू गराउन उचित लगानी, कानून, प्रविधि, क्षमता विकास तथा समुदायको प्रत्यक्ष संलग्नता पनि उत्तिकै आवश्यक छ ।

**–कृषि अधिकृत, प्राविधिक जोन एकाइ, पर्सा**

# भिजन लुम्बिनीको आइपिओमा १३ लाख बढी आवेदन

कास्की, १८ असोज/रासस

सेती नदी जलविद्युत् आयोजनाको प्रवर्द्धक भिजन लुम्बिनी ऊर्जा कम्पनी लिमिटेडले आयोजना प्रभावित क्षेत्रका लागि जारी गरेको प्राथमिक शेयर (आइपिओ)मा १३ लाख ६८ हजार १५० हजार कित्ता शेयर आवेदन परेको छ।

कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिकामा निर्माणाधीन २५ मेगावाट क्षमताको उक्त जलविद्युत् आयोजनाले प्रभावित क्षेत्रका लागि गत भदौ १९ गतेदेखि प्राथमिक शेयर जारी गरेको थियो। असोज १७ गते (हिजो) अन्तिम दिन रहेकामा रु १३ करोड ६८ लाख १५ हजार बराबरको आवेदन परेको कम्पनीले जनाएको छ।

प्रभावितका लागि जारी गरिएको आइपिओमा तोकिएको सङ्ख्याभन्दा पाँच लाख ४४ हजार ३५० कित्ता न्यून आवेदन परेकाले प्रक्रिया पूरा गरेका सबैले शेयर प्राप्त गर्ने कम्पनीका कार्यकारी अध्यक्ष जगतबहादुर पोखरेलले बताए। उनका अनुसार आयोजनाको प्रभावित क्षेत्रका रूपमा रहेका माछापुच्छ्रे गाउँपालिका–१, २, ३, ४ र पोखरा महानगरपालिका–१९ का स्थानीय बासिन्दाका लागि शेयर जारी गरेको थियो।

कम्पनीको आइपिओमा आस्वाबाट ६३९ जनाले पाँच लाख ६७ हजार २२० कित्ता र भौतिक उपस्थित भएर ८७९ जनाले आठ लाख ९३० कित्ता आवेदन गरेका छन्।

भिजन लुम्बिनीले आफ्नो जारी पूँजी रु एक अर्ब ९१ करोड २५ लाखको १० प्रतिशत अर्थात् रु १९ करोड १२ लाख ५० हजार बराबरको १९ लाख १२ हजार पाँच सय कित्ता शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाका लागि निष्कासन गरेको कम्पनीका कार्यकारी अध्यक्ष पोखरेलले जानकारी दिए।

कम्पनीले सर्वसाधारणलाई छुट्याइएको शेयरको १० प्रतिशतले एक लाख ९१ हजार २५० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपालीका लागि निष्कासन गरी असोज १५ गते बाँडफाँड गरिएको छ । कम्पनीले आइपिओ निष्कासन तथा बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल लिमिटेडलाई नियुक्त गरेको थियो।

कार्यकारी अध्यक्ष पोखरेलले आयोजना सम्पन्न हुने अन्तिम चरणमा पुगेको बताउँदै आयोजनाको सिभिल, हाइड्रो मेकानिकल, इलेक्ट्रोमेकानिकल र ट्रान्समिसन लाइन (प्रसारण लाइन) निर्माणतर्फका सबै काम अन्तिम चरणमा पुगेको जानकारी दिए। उनका अनुसार ढिलोमा आगामी मङ्सिरभित्र आयोजना सम्पन्न भएर व्यावसायिकरूपमा विद्युत् उत्पादन हुनेछ। मङ्सिर पहिलो साता आयोजनाबाट परीक्षण उत्पादन शुरू गर्ने तयारी गरिएको पोखरेलको भनाइ थियो।

स्थानीयवासी, स्थानीय सरकार र प्रशासनको सहयोगबाट आयोजना तोकिएको समयमा सम्पन्न हुन लागेको अध्यक्ष पोखरेलले बताए । उनका अनुसार माछापुच्छ्रेको सार्दीखोला भराभरीस्थित सेती नदीमा बाँध निर्माण गरी छ हजार चार सय मिटर लामो भूमिगत पाइपमार्फत पानी ल्याएर १८७ मिटर उचाइबाट चिन्तेबगरस्थित पावर हाउसमा खसालेर विद्युत् उत्पादन गर्ने योजना छ।

"भूमिगत पाइपमार्फत लगिएको पानी पावर हाउसमा रहने १२ दशमलव पाँच मेगावाट क्षमताका दुईवटा टर्बाइनमा खसालेर विद्युत् उत्पादन हुनेछ । सो आयोजना नदी जलप्रवाहमा आधारित छ," पोखरेलले भने। उनका अनुसार उक्त आयोजनामा पाँच अर्ब लगानी रहेको छ। रु तीन अर्ब ५० करोड विभिन्न बैंक तथा वित्तीय संस्थाले लगानी गरेका छन् भने अन्य लगानी प्रवर्द्धक, स्थानीयवासी तथा आइपिओ जारी गरेर पूरा गर्न लागिएको कम्पनीले जनाएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ – उद्योग – वाणिज्य

# आर्थिक विकास : रूपान्तरण र कर्ता

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**अमेरिकामा कुनै राजा वा राजसंस्था नभएकोले प्रत्येक क्षेत्रको जनताले आफ्नो क्षेत्रको आर्थिक विकासको लागि आफैंलाई जिम्मेवार देख्यो । आफूलाई नै आर्थिक विकासको कर्ता मान्यो । आफैंलाई नै जिम्मेवार ठान्यो । सरकार वा केन्द्रको मुख ताकेन ।**

आर्थिक विकास के हो ? आर्थिक विकासमा रूपान्तरण कसरी हुन्छ ? रूपान्तरणकर्ताहरू को–को हुन् ? कुनै पनि क्षेत्रको समुचित विकासका लागि यस किसिमका प्रश्नको उत्तर खोज्न आवश्यक छ । तर उत्तर खोज्नुपूर्व यी प्रश्नहरूको अर्थ थाहा पाउनु उचित हुन्छ ।

आर्थिक विकासको परिभाषा आफैंमा ज्यादै कठिन छ । कुनै एक व्यक्ति जोसँग सवारीका लागि एउटा मोटरसाइकल मात्र छ, ऊ सवारीका लागि हेलिकप्टर भएको व्यक्तिको तुलनामा गरीब हो । तर त्यही मोटरसाइकल हुने व्यक्ति एउटा साइकल मात्र हुनेको तुलनामा भने धनी हो । यसरी एउटा व्यक्ति एकै समयमा धनी पनि र गरीब पनि हुने रहेछ । यस्तो कसरी भयो ?

गरीब र गरीबीको परिभाषा सापेक्षिकरूपमा दिन कठिन छ । सापेक्षिक परिभाषा सही पनि हुँदैन । त्यसकारण गरीब र गरीबीको परिभाषा निरपेक्ष रूपमा दिनुपर्ने हुन्छ । तुलनाको आधारमा गरीब र धनी छुट्याउन कठिन हुन्छ ।

यथार्थमा गरीब त्यो हो, जोसँग घर छैन । वर्षभरि केवल एक समय वा धेरै दिन दुई छाक खान पाउँछ, केही दिन मात्र एक छाक खाना पाउँछ, शिक्षा र स्वास्थ्यमा पहुँच छैन । बिरामी भएपछि औषधि खरीद गर्ने पैसा छैन । स्वास्थ्य सेवामा लाग्ने खर्च भुक्तान गर्न पैसा छैन । हो, यस्तो स्थिति भएको व्यक्ति गरीब हो । यो गरीबीको निरपेक्ष परिभाषा हो । यस्तो स्थिति कुनै व्यक्ति वा परिवारमा नहुनु भनेको त्यो व्यक्ति वा परिवार गरीब नहुनु हो ।

आर्थिक विकास भनेको निरपेक्ष गरीबीबाट मुक्ति पाउनु हो । साथै सापेक्षिक गरीबीबाट पनि मुक्ति पाउनु हो । उच्चतम विन्दुमा आमदनी गर्ने व्यक्तिसरह आमदानी गर्ने स्थितिमा पुग्नु हो । सापेक्षिक गरीबी यथार्थमा गरीबी होइन, केवल मनोभाव हो । तर अर्थ व्यवस्थामा यसको पनि अध्ययन महत्त्वपूर्ण हुन्छ ।

अधिकांश मानिस अहिले पनि के भ्रममा छन् भने आर्थिक विकास भनेको एकल क्रियाकलाप हो । त्यस्तो होइन, आर्थिक विकास सामूहिक क्रियाकलाप हो । अनेक अन्तर्निर्भर काम गरेर मात्र कुनै पनि गाउँ वा शहरको आर्थिक विकास हुन्छ । कुनै पनि व्यक्तिको एकल सक्रियता वा प्रयासमा कुनै पनि क्षेत्रको आर्थिक विकास सम्भव छैन ।

माथिको भनाइलाई सरल पार्नका लागि एउटा उदाहरण प्रस्तुत गर्नु उपयुक्त हुनेछ– कुनै शहरमा प्रत्येक वर्ष (स्कूल वा कलेजको शिक्षा समाप्त गरेर) ५० जना युवा श्रम बजारमा प्रवेश गर्छन् वा जागीरको खोजी गर्छन् भने त्यस शहरका व्यापारी वा उद्योगपतिहरूले बर्सेनि ५० वटा रोजगार सृजना गर्न आवश्यक हुन्छ । अर्थात् रोजगारका लागि श्रम बजारमा प्रवेश गर्ने र रोजगार पाउने कार्य त्यस शहरका व्यापारी एवं उद्योगपतिहरूको क्रियाकलापमा निर्भर गर्दछ । यसरी आर्थिक विकास अन्तर्निर्भर कार्य हुन पुग्दछ । कामदार खोज्ने व्यापारी एवं उद्योगपति व्यवसाय सञ्चालनका लागि रोजगार खोज्नेहरूमाथि निर्भर रहनुपर्दछ भने रोजगार खोज्ने व्यक्ति व्यापारी एवं उद्योगपतिहरूको क्रियाकलाप (रोजगार सृजना गरिदिने कार्य) मा निर्भर रहनुपर्दछ ।

आर्थिक विकास सामूहिक क्रियाकलापमा निर्भर हुन्छ भन्ने कुरा आर्थिक विकाससँग सम्बद्ध सबै पक्षले बुझ्न आवश्यक हुन्छ ।

मुख्यगरी गरीब वा विकासशील राष्ट्रमा बहुसङ्ख्यक व्यक्तिले एउटा अर्को ठूलो भ्रम के पालेको देखिन्छ भने देशमा रोजगार दिने वा रोजगार सृजना गर्ने कार्य सरकारको हो । सरकारले नै आफ्ना कार्यालयहरूमा नागरिकलाई रोजगार (जागीर) दिनुपर्छ । यस्तो होइन । रोजगार सृजना गर्ने कार्य पनि सामान्य जनताको हो । उद्योगीहरूको हो । व्यापारीहरूको हो । अनेक किसिमका व्यवसाय गर्नेहरूको हो । यस अवधारणा अनुसार एउटा चिकित्सकले पनि देशमा रोजगार सृजना गर्ने जिम्मेवारी लिनु पर्दछ । वकिलले पनि रोजगार सृजना गर्ने जिम्मेवारी लिनुपर्दछ ।

कुनै पनि देशमा रोजगारको सृजना सरकारले गर्ने होइन । सरकारको दायित्व पनि होइन । सरकारको दायित्व के हो भने त्यस्ता नियम, कानून, ऐनको तर्जुमा र कार्यान्वयन, जसले गर्दा देशमा रोजगार सृजना होस् । यस किसिमबाट हेर्दा के देखिन्छ भने सरकारको दायित्व भनेको देशमा बेरोजगारी हुन नदिनु हो । ठूलो मात्रामा रोजगार सृजना गर्ने वातावरण निर्माण गर्नु हो । निष्कर्षमा रोजगार सृजना गर्ने कार्य निजी क्षेत्रको हो, व्यवसायीहरूको हो । यो कारणले गर्दा पनि पूँजीवादी अर्थ व्यवस्था वा बजार अर्थ व्यवस्थमा व्यवसायीहरूको भूमिका ज्यादै महत्त्वपूर्ण मान्ने गरिन्छ । देशको अर्थतन्त्र उनीहरूको काँधमा हुन्छ भन्ने गरिन्छ ।

अब कुरा गरौं रूपान्तरणाको, आर्थिक विकासको । प्रारम्भ गरौं एउटा प्रश्नबाट । कसरी एउटा सामान्य गाउँ, प्रारम्भिक चरणमा एउटा व्यावसायिक गाउँमा रूपान्तरित हुन्छ ? पछि कसरी त्यो व्यावसायिक गाउँ एउटा सानो शहरमा रूपान्तरित हुन्छ ? उदाहरणका लागि वीरगंज वरपरका सानासाना गाउँ पछि कसरी शहरमा रूपान्तरित भए त्यसबारे कुरा गरौं । वीरगंज नजीक रहेका साना शहरहरू–पोखरिया, जीतपुर, चन्द्रनिगाहपुर प्रारम्भमा साना गाउँ थिए । पछि क्रमिकरूपमा यी साना गाउँ व्यावसायिक गाउँ र झन् पछि साना शहरमा रूपान्तरित भए ।

यहाँ मननयोग्य कुरा गरौं । चन्द्रनिगाहपुर, पोखरिया, जीतपुरलाई शहरको रूपमा कसले विकास गऱ्यो ? ककसको सक्रिय योगदानले गर्दा यी गाउँहरू शहरमा रूपान्तरित भए ? सरकारको नीति, नियम, योजनाले गर्दा यी गाउँ शहरमा रूपान्तरित भएका हुन् ? होइन । कुनै समयका सुविधाहीन गाउँहरू स्थानीय बासिन्दाको प्रयासले शहरमा रूपान्तरित भएका हुन् । शहरको विकासकर्ता स्थानीय नै हुन् । स्थानीयकै सक्रिय प्रयासमा ती गाउँहरू शहरमा रूपान्तरित भएका हुन् ।

एउटा सानो गाउँ व्यवस्थित शहरको कसरी बन्छ भन्ने कुराको उदाहरणको रूपमा बरहथवालाई पनि लिन सकिन्छ । कुनै समयको एउटा सामान्य बजार अहिले एउटा व्यवस्थित नगरको रूपमा स्थापना हुन पुगेको छ । यहाँ फेरि त्यही प्रश्न दोहोऱ्याउन मन लाग्यो । के बरहथबा सरकारको नीति, नियम वा योजनाले गर्दा गाउँबाट व्यवस्थित शहर बनेको हो ? होइन । बरहरथवाका कर्ताहरूले यस शहरलाई सामान्य गाउँबाट व्यवस्थित शहरमा रूपान्तरित गरेका हुन् । आफ्नो गाउँलाई शहर बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएका हुन् ।

माथि, गाउँहरू कसरी शहरमा रूपान्तरित भए भन्नेबारे अनेक चर्चा गरियो । यो कुनै पनि क्षेत्रको आर्थिक विकासमा स्थानीय कर्ताहरूको भूमिका महत्त्वपूर्ण हुन्छ भन्ने कुरा प्रमाणसहित दर्शाउनका लागि गरिएको हो । सरकारले होइन, स्थानीय कर्ताहरूले नै कुनै पनि क्षेत्रको आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछन् । पश्चिमा देशहरू यसै अवधारणा अनुसार कार्य गर्दछन् र आफ्नो क्षेत्रको विकासमा आफैं जुट्छन्, सरकारको मुख ताक्दैनन् । सरकारलाई सहजकर्ता मात्र मान्दछन् ।

**क्षेत्रीय विकासमा कर्ताहरूको भूमिका**

स्थानीय वा क्षेत्रीय विकासमा कर्ताहरूको भूमिका नै महत्त्वपूर्ण हुन्छ । यसबारे माथि नै चर्चा गरिसकियो । अब थप दुई कुरा गरौं । हामीकहाँ ठूलो सङ्ख्यामा कर्ताहरूको उदय किन हुँदैन ? कर्ताहरूको विकास गर्न कुन विधिको अनुपालन गर्नुपर्छ ?

अमेरिका यस्तो देश हो, जहाँ कहिले पनि राजतन्त्र थिएन । आर्थिक विकासको लागि 'माथि' को मुख ताक्ने परिपाटीको विकास भएन । यो उदाहरणलाई सजिलो पार्न दक्षिण एशियाको मात्र कुरा गरौं । दक्षिण एशिया यस्तो क्षेत्र हो, जहाँ अनेक राज्य थिए, राजाहरू थिए । यसले गर्दा जनतामा आर्थिक विकासको लागि 'राजा' वा केन्द्रीय प्रशासनको मुख ताक्ने प्रकृति र परम्परा विकसित भयो । जनताले कहिले पनि आफूलाई आर्थिक विकासको कर्ता मानेन । आफूलाई प्रजा मात्र मान्यो । आर्थिक विकासको लागि जिम्मेवार राजा वा राज्यपक्षलाई देख्यो । यो कारणले गर्दा दक्षिण एशिया गरीबी र अशिक्षा जस्ता समस्याले घेरियो । दक्षिण एशियाको जनताले अहिले पनि स्थानीय वा राष्ट्रिय विकासको लागि आफूलाई जिम्मेवार मान्दैन, सरकारलाई मान्दछ ।

अमेरिकामा कुनै राजा वा राजसंस्था नभएकोले प्रत्येक क्षेत्रको जनताले आफ्नो क्षेत्रको आर्थिक विकासको लागि आफैंलाई जिम्मेवार देख्यो । आफूलाई नै आर्थिक विकासको कर्ता मान्यो । आफैंलाई नै जिम्मेवार ठान्यो । सरकार वा केन्द्रको मुख ताकेन । स्थानीयरूपमा, कर्ताहरूको सक्रियतामा आआफ्नो क्षेत्रको आर्थिक विकास गऱ्यो । हरेक शहरलाई आर्थिकरूपले सक्षम बनाउने प्रयास गऱ्यो । परिणामतः अमेरिका अहिले विश्वमा नै सर्वाधिक ठूलो अर्थ व्यवस्था भएको देश हुन पुगेको छ, सर्वाधिक धनी राष्ट्र हुन पुगेको छ । हातहतियार र युद्धको हिसाबले पनि विश्वमा सर्वाधिक शक्तिशाली राष्ट्र हुन पुगेको छ ।

**निष्कर्ष** : आफ्नो क्षेत्रको विकास आफैंले गर्ने हो । कर्ताहरूले नै आफ्नो क्षेत्रको विकासमा सक्रिय योगदान पुऱ्याउने हो । हामी नेपालीहरूले आआफ्नो क्षेत्रको आर्थिक विकासको लागि यस विषय (Economic Development Model) मा चिन्तन र मनन गर्ने मात्र होइन, व्यवहाररूपमा ल्याउन पनि आवश्यक छ ।

कर्ताहरू आर्थिक विकासका मेरुदण्ड हुन् । त्यसकारण कर्ता तयार पार्ने शिक्षालय बनाउन र त्यस किसिमको शिक्षा दिन अब ढिलो गर्नुहुँदैन । हाम्रो शिक्षा पद्धतिले ठूलो परिवर्तनको माग गरिरहेको छ । हाम्रो शिक्षा पद्धतिले कर्ताहरू उत्पादन गर्न आवश्यक छ ।

# नेपालको जिडिपी वृद्धिदर २०२३ मा १.९ र २०२४ मा ३.९ प्रतिशत -विश्व बैंक

काठमाडौं, १८ असोज/रासस

विश्व बैंकले सन् २०२३ मा नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) वृद्धिदर १.९ प्रतिशतमा खुम्चिने अनुमान सार्वजनिक गरेको छ ।

विश्व बैंकले साउथ एशिया डेभलपमेन्ट अपडेट र नेपाल डेभलपमेन्ट अपडेट, अक्टोबर २०२३ सार्वजनिक गर्दै नेपालको यस वर्षको तुलनामा आगामी वर्ष आर्थिक वृद्धिदर बढ्ने प्रक्षेपण गरेको हो । नेपालले सन् २०२४ मा ३.९ प्रतिशत र सन् २०२५ मा पाँच प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने प्रक्षेपण विश्व बैंकले गरेको छ ।

यस वर्ष न्यून आर्थिक वृद्धिदर (१.९ प्रतिशत), बढ्दो चालू खाता घाटा र मुद्रास्फीतिलाई विश्व बैंकले चुनौतीका रूपमा देखाएको छ । यस वर्ष जिडिपी तुलनामा चालू खाता घाटा ६.१ प्रतिशत हाराहारी पुग्ने र वार्षिक औसत मुद्रास्फीति ७.८ प्रतिशत रहने अनुमान गरिएको छ ।

नेपालले आउँदा दुई वर्ष चर्को मुद्रास्फीति खेप्ने विश्व बैंकको प्रक्षेपण छ । मुद्रास्फीति सन् २०२४ मा साढे सात प्रतिशत र सन् २०२५ मा ६.४ प्रतिशत रहने प्रक्षेपण गरिएको छ । सन् २०२० मा कोभिड–१९ महामारीका कारण नेपालको आर्थिक वृद्धिदर नकारात्मक गएको थियो । त्यस यताको सबैभन्दा खराब अवस्था नेपालले यस वर्ष भोगेको छ । नेपालको यस वर्षको आर्थिक वृद्धिदर पछिल्लो एक दशकयताको औसत आर्थिक वृद्धिदरभन्दा न्यून हो ।

नेपालले अवलम्बन गरेको कसिलो मौद्रिक नीति र आयातमा गरिएको कडाइका कारण आर्थिक वृद्धिदरमा सङ्कुचन देखिएको विश्व बैंकले जनाएको छ । विद्युत् उत्पादनका क्षेत्रमा राम्रो प्रगति देखिएकोले त्यसको सकारात्मक प्रभाव औद्योगिक क्षेत्रमा देखिएको पनि विश्व बैंकको प्रतिवेदनमा उल्लेख छ । कर्जाको माग बढ्न नसक्नु र समग्र बजार माग खुम्चिंदा निजी क्षेत्रको लगानी बढ्न नसकेको प्रतिवेदनमा जनाइएको छ । त्यस्तै पशु चौपायामा देखिएको लम्पी स्कीन रोग र सिंचाइ अभावका कारण धान उत्पादनमा कमी आउँदा समग्र कृषि क्षेत्रको वृद्धिदरमा सङ्कुचन आउनसक्ने अनुमान विश्व बैंकको छ ।

सन् २०२५ सम्ममा नेपालको चालू खाता घाटा जिडिपीको तुलनामा ३.७ प्रतिशत पुग्ने अनुमान गरिएको छ । त्यस्तै नेपालको जिडिपी अनुपातमा बढ्दो सार्वजनिक ऋण र त्यसको साँवाब्याज भुक्तानी गर्दा बजेट खर्चमा देखिने दायित्वको अंश बढ्ने देखिएको छ ।

केही दिन अघिमात्र एशियाली विकास बैंक (एडिबी) ले 'नेपाल माइक्रो इकोनोमिक अपडेट' प्रतिवेदन सार्वजनिक गर्दै सन् २०२३ को तुलनामा सन् २०२४ मा नेपालको अर्थतन्त्रमा सुधार हुने जनाएको थियो ।

एडिबीले नेपालको आर्थिक वृद्धिदर सन् २०२३ मा १.९ र सन् २०२४ मा ४.३ प्रतिशत रहने प्रक्षेपण सार्वजनिक गरेको थियो ।

# मौसममा क्रमिक सुधार

काठमाडौं, १८ असोज/रासस

विगत पाँच दिनदेखिको लगातार झरीपछि बिहीवारदेखि देशभरको मौसममा क्रमिक सुधार आएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार आजदेखि मौसम सुधार हुँदै गएको छ । महाशाखाका मौसमविद् गोविन्द झाले अब मौसममा सुधार हुँदै जाने बताए । "मौसममा बिस्तारै सुधार हुँदै गएको छ । देशको पूर्वी भेगमा न्यूनचापीय प्रणालीको आंशिक प्रभाव छ, उक्त प्रणाली उत्तरपश्चिमतर्फ सर्ने क्रममा रहेकोले त्यो पनि बिस्तारै कमजोर हुने देखिन्छ । भारतको सिक्किम आसपास र बङ्गलादेशतिर यसले असर गर्ने देखिन्छ"–उनले भने ।

मौसमविद् झाका अनुसार कोशी प्रदेशमा आज बाक्लो बादल लागेको छ । अन्य भेगमा सामान्यतया मौसम सफा छ । अबको दुई/तीन दिन हल्का वर्षाको सम्भावना रहे पनि भारी वर्षाको सम्भावना नरहेको उनले बताए ।

महाशाखाको मौसम पूर्वानुमानसम्बन्धी बुलेटिनमा अहिले कोशी र मधेस प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी भूभागमा आंशिक बदलीदेखि सामान्यतया मौसम सफा छ । दिउँसो कोशी, बाग्मती र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी प्रदेशमा आंशिक बदली रहने छ । कोशी, बागमती र गण्डकी प्रदेश थोरै स्थान र बाँकी प्रदेशका एक–दुई स्थानमा मेघ गर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

रातिको समयमा पनि कोशी, मधेस, बाग्मती र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी प्रदेशमा आंशिक बदलीदेखि नेपालमा हाल भारतको पश्चिम बङ्गाल र झारखण्ड आसपास रहेको न्यून चापीय क्षेत्रको प्रभाव रहेको छ । यसका कारण देशका केही भागमा थोरै असर रहे पनि क्रमशः मौसममा सुधार आउने महाशाखाले जनाएको छ ।

शुक्रवार कोशी, बाग्मती र गण्डकी प्रदेशका थोरै स्थान र बाँकी प्रदेशका एक/दुई स्थानमा मेघ गर्जन र चट्याङसहित हल्का वर्षाको सम्भावना छ ।

# कोरला नाका सञ्चालनको तयारी भएको छ –मुख्यमन्त्री पाण्डे

म्याग्दी, १८ असोज/रासस

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले मुस्ताङमा रहेको कोरला नाका सञ्चालनको तयारी भएको बताएका छन् ।

तिब्बत र मुस्ताङको सिमानामा रहेको पिलर नं २४ मा पुगेर बुधवार स्थलगत निरीक्षण गरेपछि उनले तिब्बततर्फ भौतिक संरचनाहरू निर्माण भइसकेको देखिएको तर मुस्ताङतर्फ सीमास्थलमैं केही पनि निर्माण नभएकोले तत्काल भौतिक संरचना निर्माण गर्नुपर्ने बताए ।

"कोरोला नाका खोल्ने सरकारको तयारी भइरहेको र यस विषयमा सङ्घ सरकार, प्रधानमन्त्री र सम्बन्धित मन्त्रालयसँग छलफल गरेका छौं," उनले भने, "नाकासम्म पुग्ने सडक स्तरोन्नति गरेर नियमित सवारीसाधन आवतजावत गर्न सक्ने बनाउनेतर्फ सरकारको ध्यान केन्द्रित भएको छ ।"

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको हालै भएको चीन भ्रमणका क्रममा नेपालका १४ वटा व्यापारिक नाका सञ्चालन गर्न तयार रहेको चिनियाँ पक्षले जानकारी गराएको थियो । कोरोना महामारी फैलिएपछि विसं २०७६ देखि कोरला नाकामा हरेक वर्षको दुईपटक हुने व्यापार मेला सञ्चालन हुन सकेको छैन ।

मुख्यमन्त्री पाण्डेको कोरला नाका भ्रमण टोलीमा सहभागी मुस्ताङका प्रमुख जिल्ला अधिकारी जनकराज पाण्डेले चिनियाँ पक्षले नाका खुलाउन तयार रहेको कूटनीतिक नोट पठाएपछि गृह मन्त्रालयमार्फत जानकारी आएको र नाका खुलाउन चिनियाँ अधिकारीसँग वार्ता गर्न लागिएको बताए ।

नाकाको ३० किलोमिटर क्षेत्रमा पर्ने ठाउँका बासिन्दालाई परिचयपत्रका आधारमा बाऱ्है महीना नाकामा आवतजावत गर्ने व्यवस्था मिलाउने तयारी भएको छ । कोरला नाका सञ्चालन भएमा चिनियाँ सामान आयात र चीनमा सामान निर्यात गर्न सहज हुने तथा व्यापारिक गतिविधि बढ्ने स्थानीयको अपेक्षा छ ।

कालीगण्डकी करिडोर अन्तर्गत कोरला नाका जोड्ने सडक स्तरोन्नतिको क्रममा रहेको छ । सीमानाका निरीक्षणसँगै गण्डकी प्रदेशस्तरीय सुरक्षा समिति र मुस्ताङ जिल्लास्तरीय सुरक्षा समितिको बैठक पनि कोरलामा बसेको थियो । मुख्यमन्त्री पाण्डेसहित सङ्घीय सांसद, प्रदेशसभा सदस्यलगायतले मुस्ताङ जिल्लाको सीमावर्ती क्षेत्रका १० भन्दा बढी गाउँमा पुगेर स्थानीयसँग भेट गरेका थिए ।



**साल्दाङमा टावरः** उपल्लो डोल्पाको शे–फोक्सुण्डो गाउँपालिका–३ साल्दाङस्थित राखिएका नेपाल टेलिकमका टावरहरू । तस्वीरः रासस

# सबल अर्थतन्त्रका लागि वित्तीय लगानी

**अर्थ-उद्योग-वाणिज्य**



**शीतल महतो**
shitalmahato@gmail.com

**पछिल्लो समय मुलुकमा कर्जा लगानी र आयातको सम्बन्ध नकारात्मक हुनुपर्नेमा लगानी बढिरहँदा व्यापारघाटा पनि बढिरहेको छ । यसबाट बैंक तथा वित्तीय संस्थाहरूको लगानी आयात प्रवर्द्धन र अनुत्पादक क्षेत्रमा भएको प्रस्ट हुन्छ ।**

कुनै पनि मुलुकको दिगो एवं समावेशी आर्थिक विकासका लागि त्यहाँको वित्तीय सेवा प्रणालीमा सबै वर्ग एवं समुदायको पहुँच महत्त्वपूर्ण मानिन्छ । हाम्रोजस्तो विकासोन्मुख मुलुकको आर्थिक समृद्धिका लागि यो अझ बढी महत्त्वपूर्ण र प्रमुख प्राथमिकताको विषय भएको छ । नेपाल मात्र होइन, हाम्रोजस्तो अधिकांश विकासशील राष्ट्रले आर्थिक समृद्धिका लागि अहिले सामना गर्नुपरिरहेका अनेकौं चुनौतीमध्ये वित्तीय लगानी पनि प्रमुख रहेको छ । जबसम्म विपन्न वर्गसम्म वित्तीय सेवाको सहज उपलब्धता हुँदैन, तबसम्म कुनै पनि मुलुकको समग्र आर्थिक समृद्धि हुन नसक्ने भएकोले वित्तीय लगानीको मुद्दा अहिले प्रमुख प्राथमिकताका साथ उठ्ने गरेको छ । वास्तवमा वस्तु तथा सेवाको उत्पादन, विनिमय र वितरणका लागी वित्तीय लगानी आवश्यक हुन्छ । लगानीसँगै उत्पादन, रोजगार र आय जोडिन पुग्छ । वस्तु तथा सेवाको उत्पादन र उपभोगका माध्यमद्वारा बजारमा मुद्राको वितरण हुने गर्छ । बढ्दो वित्तीय लगानीले आयमा वृद्धि गर्दछ र बढेको आयले उपभोगमा तीव्रता ल्याउँछ । उपभोगमा भएको खर्चले अर्थतन्त्रलाई चलायमान राख्दछ । त्यसैले आर्थिक क्रियाकलाप वित्तीय लगानीमा निर्भर हुन्छ । बढ्दो वित्तीय लगानीले अर्थतन्त्रलाई निरन्तर सबल बनाइराखेको हुन्छ ।

सामाजिक, शैक्षिक, आर्थिक एवं भौगोलिकरूपले समेत पछाडि परेका वा पारिएका समुदाय र व्यक्तिहरूको वित्तीय चेतनाको स्तरमा वृद्धिका साथै उनीहरूसम्म आधारभूत वित्तीय सेवाको पहुँच पुऱ्याउन वित्तीय लगाानी महत्त्वपूर्ण पक्ष हो । समृद्धिका लागि वित्तीय लगानी र त्यसमा सबै वर्ग एवं समुदायको वित्तीय पहुँच अपरिहार्य हुन्छ । मुलुकको अर्थतन्त्र चलायमान बनाउन लगानीको स्रोत परिचालन गर्ने काम मुलुकभित्र अवस्थित वित्तीय संस्थाहरूले गर्दछन् । वित्तीय लगानीका स्रोत बैंक तथा वित्तीय संस्थाहरू नै हुन् । वित्तीय लगानीको अवस्था अव्वल रहेको अर्थतन्त्र आर्थिकरूपमा बलियो हुन्छ । तर नेपालमा भने वित्तीय लगानी उकालो लागिरहे पनि अर्थतन्त्र ओरालो लागिरहेको छ । वित्तीय लगानी र अर्थतन्त्रबीच सकारात्मक सम्बन्ध हुनुपर्ने हो तर सम्बन्ध नकारात्मक बन्दै गइरहेको छ । यसरी राज्यको मूल प्रवाहमा सहभागी हुन नसक्ने गरीब, विपन्न र सीमान्तकृत समुदायका मानिसलाई समेत वित्तीय सेवा सदुपयोग गर्न सक्ने वातावरण सिर्जना गरी उनीहरूमा रहेको सम्भावित क्षमता र अवसरको अधिकतम सदुपयोग गर्न वित्तीय लगानी एउटा सशक्त र प्रभावकारी माध्यम हुन सक्दछ ।

वित्तीय लगानी बढ्दा आम नागरिकको जीवनस्तर उकास्न, गरीबी न्यूनीकरण र आर्थिक विकासको गति तीव्र बनाउन सहयोग पुग्छ । यसका लागि वित्तीय साक्षरता अहिलेको अपरिहार्य आवश्यकता हो । वित्तीय साक्षरताले व्यावसायिक योजना निर्माण, पारिवारिक खर्च व्यवस्थापन तथा वित्तीय सेवालाई दिगो र विश्वसनीय बनाउनसमेत सहयोग पुग्छ । त्यसैले वित्तीय लगानीको मुद्दालाई बढी व्यावहारिक र प्रभावकारी बनाउन वित्तीय शिक्षा वा साक्षरता अभियान ग्रामीण तहसम्म पुऱ्याउनु आजको आवश्यकता हो । यो अभियानले आम मानिसमा रहेको सीमित स्रोत र साधनको उचित एवं प्रभावकारी व्यवस्थापन र त्यसको उपयोग तथा उत्पादनशील एवं आयमूलक क्षेत्रमा लगानी वृद्धि र त्यस्ता लगानीबाट अधिकतम लाभ प्राप्त गर्न आवश्यक सीप, शिक्षा, ज्ञान, कला र कौशल प्रदान गर्छ । वित्तीय शिक्षाको अभावमा बैंक तथा वित्तीय संस्थाहरूबाट लिएको ऋण, वैदेशिक रोजगारबाट कमाएको रेमिट्यान्स तथा अन्य कुनै पनि माध्यमबाट आर्जन गरेको रकम वा आफूसँग रहेको धनको सही र उचित सदुपयोग गर्न सकिंदैन ।

नेपालमा अहिले पनि वित्तीय सेवामा सर्वसाधारणको पहुँचको अवस्था सामान्य र न्यूनतम स्तरको छ । औपचारिक कर्जा बजार पनि त्यति विकसित भएको छैन । जनसङ्ख्याको ठूलो हिस्सा अझै अनौपचारिक क्षेत्रबाट कर्जा लिने गर्छ । बीमा, विद्युतीय भुक्तानी प्रणालीजस्ता अत्याधुनिक औपचारिक वित्तीय सेवाहरूको प्रयोग न्यून छ । वित्तीय पहुँचले चार प्रकारका वित्तीय सेवा, जस्तै–बचत, भुक्तानी, कर्जा र बीमालाई समेट्छ । यसमा वित्तीय सेवाको गुणस्तर, ग्रहणशीलता, उपलब्धता, स्थायित्व र उपभोक्ता संरक्षणजस्ता पक्षले पनि महत्त्वपूर्ण भूमिका खेल्छन् । वित्तीय लगानीलाई स्वतस्फूर्त प्रभावकारी बनाई आर्थिक क्रियाकलापलाई उत्पादन र उपभोगतर्फ सक्रिय बनाउनुपर्नेमा वित्तीय लगानी आफ्नो अस्तित्व बचाउनमैं तल्लीन देखिन्छ । फलस्वरूप यसले लक्ष्य अनुरूप काम गर्न सकेको छैन । लगानी सुरक्षित राख्ने, नाफा सुनिश्चित गर्ने, कम जोखिम उठाउन र छोटो समयमा आर्थिक उपार्जन गर्नेतर्फ यसको प्रमुख लक्ष्य भएको देखिन्छ । जसका कारण हरेक वर्ष वित्तीय लगानी बढिरहे पनि अर्थतन्त्रले उकालो यात्रा तय गर्न सकेको छैन । विगत पाँच वर्षदेखि २०७९ असारसम्म अर्थतन्त्रमा बैंक तथा वित्तीय संस्थाको कर्जा लगानीमा १२ प्रतिशतदेखि २८ प्रतिशतसम्म वृद्धि भएको देखिन्छ । तर निक्षेपको वृद्धि भने ५ प्रतिशतदेखि १७ प्रतिशतसम्म मात्र छ । यसले निक्षेपको तुलनामा कर्जा बढेको देखाउँछ । यसरी निक्षेपको तुलनामा कर्जामा बढी लगानी हुँदा बैंक तथा वित्तीय संस्थाबाट मुद्रा बाहिरिने गर्दछ । आर्थिक वर्ष २०७८/८९ को दोस्रो त्रैमासिकदेखि लगानीयोग्य कोषको अभाव हुन थालेपछि वित्तीय क्षेत्रमा गर्नुपर्ने लगानीको वृद्धिदर घट्दै गएको देखिन्छ ।

पछिल्लो समय मुलुकमा कर्जा लगानी र आयातको सम्बन्ध नकारात्मक हुनुपर्नेमा लगानी बढिरहँदा व्यापारघाटा पनि बढिरहेको छ । यसबाट बैंक तथा वित्तीय संस्थाहरूको लगानी आयात प्रवर्द्धन र अनुत्पादक क्षेत्रमा भएको प्रस्ट हुन्छ । अर्थतन्त्रमा वित्तीय लगानी बढ्नु राम्रो पक्ष हो । यो लगानी उत्पादनशील क्षेत्रमा गरियो भने वस्तुको माग सिर्जना हुन्छ, मागबमोजिम आपूर्ति हुन्छ, जसबाट मौद्रिक कारोबार चलायमान हुन्छ र रोजगार तथा आम्दानी बढ्छ । अन्ततः उत्पादन पुनः बढ्न जाँदा समग्र व्यावसायिक चक्रमा सकारात्मक प्रभाव देखा पर्छ । त्यसैले कर्जालाई उत्पादनमूलक क्षेत्रमा लगानी गरी उत्पादन बढाउन, रोजगार सिर्जना गर्न र मुद्रालाई चलायमान बनाउँदै लग्नुपर्दछ । यसले आर्थिक क्षेत्र विचलित हुनबाट रोकिन्छ र सबल अर्थतन्त्रको निर्माण हुँदै जान्छ । वास्तवमा वित्तीय लगानीलाई जबसम्म उत्पादनशील क्षेत्रमा मात्र प्राथमिकता दिएर उत्पादन बढाउने र आयात प्रतिस्थापनको रणनीति लागू गरिंदैन, त्यस बेलासम्म व्यापारघाटा उकालो लागिरहने छ । देश नुनदेखि सुनसम्मका सामान आयात गरी जीवन निर्वाह गर्ने अवस्थामा पुग्छ । नेपाल अहिले त्यसैतर्फ उन्मुख देखिएको छ । त्यसैले अब व्यापार–व्यवसाय गर्ने उद्योगी/व्यवसायीमा आयातित होइन, उद्यमी बनेर व्यापार गर्नुपर्छ भन्ने सोच विकसित हुन जरूरी छ । यसका लागि उद्यमीको उत्पादनसहितको व्यापारलाई राज्यले यथोचित सहुलियत दिन सक्नुपर्छ । व्यापार–व्यवसायमा पारदर्शिता नहुँदा व्यापारको न्यून अंश मात्र करका रूपमा आउने गरेको छ । व्यापारमा भन्सारदेखि नै वस्तु तथा सेवाको वास्तविक मूल्य कायम नगरी कम मूल्यको बिलिङ गरी वस्तु आयात हुन्छ र उपभोक्तासम्म आउँदा त्यसको मूल्य अनुमान गर्न सकिंदैन । व्यापारीहरूको वास्तविक कारोबार र कागजी कारोबार फरक परिरहेको देखिन्छ । फलस्वरूप बैंक तथा वित्तीय संस्थाहरूलाई पनि असल ऋणी पहिचान गर्न कठिनाई भइरहेको छ ।

नेपाली अर्थतन्त्रको सबलीकरणका लागि आयात प्रतिस्थापन गर्दै जानुपर्ने देखिन्छ । विलासिताका वस्तुहरूमा बढी कर लगाई आयातलाई सीमित गर्नुपर्छ । सरकारले स्वदशी वस्तु प्रयोगमा जोड दिने वातावरण सिर्जना गरी स्वदेशी उत्पादनको प्रवर्द्धन गर्नेतर्फ गम्भीर भएर लाग्नुपर्दछ । मुलुकका साना तथा घरेलु उद्योगहरूको संरक्षण, प्रवर्द्धन र विकासमा सहजता प्रदान गर्नेतर्फ सरकारको ध्यान जान जरूरी छ । यसले वर्तमान अर्थतन्त्रमा देखापरिरहेको वित्तीय सङ्कट घटाउन मदत पुऱ्याउँछ । अहिलेको आर्थिक समस्या समाधान गर्न सरकार, सरोकारवाला निकायहरू, नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था, व्यापार–व्यवसायसँग आबद्ध उद्योगी/व्यवसायीहरू र आम उपभोक्तालगायत सम्बन्धित सबै पक्षले आआफ्नो ठाउँबाट जिम्मेवारी वहन गर्नुपर्ने अहिलेको माग र आवश्यकता हो । वित्तीय संस्थाहरू स्वयं पनि स्वअनुशासनमा रही अर्जुनदृष्टिका साथ अगाडि बढ्ने हो भने नेपाल वित्तीय सुदृढीकरण, समावेशीकरण र वित्तीय पहुँच अभिवृद्धिको दिशामा ठूलो फड्को मार्न सक्छ ।



आकाशमा बादल मडारिन शुरू भएपछि कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका–३ का किसान खेतमा काटिएको धानका मुठा बाँध्दै । पानी पर्ने सम्भावना बढेपछि किसान खेतमा काटिएको धानलाई सुरक्षित तवरले राख्नका लागि खेतबारीमा व्यस्त हुन थालेका छन् । तस्वीरः रासस

# तातोपानी नाकामा चहलपहल बढ्यो

चौतारा, १८ असोज/रासस

दशैं, तिहारलगायतका चाडपर्वलाई लक्षित गरेर व्यापारीले चीनबाट सामान आयात गर्न थालेपछि तातोपानी नाकामा चहलपहल बढ्दै गएको छ । जाडोका लागि तयारी कपडा, फलफूल, जुत्ताचप्पल, तिहारका सामान, ऊनका सामग्री, विद्युतीय सामान चीनका विभिन्न क्षेत्रबाट नेपाली व्यापारीले ल्याउन थालेका छन् ।

तातोपानी नाकाबाट दशैंको सामान बोकेर दैनिक ३० कन्टेनरको जाँचपास भई काठमाडौं भित्रने गरेको तातोपानी सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख दयानन्द केसी बताउँछन् । उनका अनुसार चालू आर्थिक वर्षको दुई महीनामा रु एक करोड ६२ लाख राजस्व सङ्कलन भएको जनाइएको छ । आयात–निर्यात सहज भएमा सरकारले राखेको लक्ष्यअनुरूप राजस्व सङ्कलन हुने केसीको भनाइ छ ।

ट्रान्स सिल्क ग्रुपका संयोजक विजय शेर्पाका अनुसार जाडोका कपडा, जुत्ताचप्पल, तिहारका सामान, विद्युतीय सामग्री चीनबाट आइरहेका छन् । आयात भएका सामानमध्ये ५० प्रतिशत स्याउ रहेको शेर्पा बताउँछन् । नाकाबाट मानव आवतजावत खुला हुँदा तातोपानी क्षेत्रका होटल, लजसमेत भरिभराउ हुन थालेका छन् ।

विसं २०७२ को भूकम्प र कोरोना महामारीले थला परेको नाका आठ वर्षपछि सर्वसाधारणका लागि खुला भएपछि यस वर्ष भने नाकाबाट दशैंको सामान आपूर्ति हुन थालेको नेपाल हिमालय सीमापार वाणिज्य सङ्घका अध्यक्ष अशोक श्रेष्ठ बताउँछन् ।

# सुनको अवैध तस्करी नियन्त्रणसम्बन्धी आयोगले काम थाल्यो

काठमाडौं, १८ असोज/रासस

सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणसम्बन्धी जाँचबुझ आयोग, २०८० ले कार्य प्रारम्भ गरेको छ । सिंहदरबारस्थित गृह मन्त्रालय रहेको पुरानो भवनमा कार्यालय स्थापना गरेर आयोगले काम थालनी गरेको हो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैधरूपमा सुन तस्करी भएको विषयको छानबीन गर्न सरकारले यही असोज १४ गते उच्च अदालतका पूर्वन्यायाधीश डिल्लीराम आचार्यको संयोजकत्वमा चार सदस्यीय आयोग गठन गरेको थियो । आयोगको सदस्यमा पूर्वसहसचिवद्वय किशोरजङ्ग कार्की र प्रेमराज जोशी तथा पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक सहकुल थापा छन् ।

सरकारले आयोगलाई तीन महीनाभित्र अनुसन्धान सम्पन्न गरेर सुनको अवैध पैठारी तस्करी नियन्त्रणका लागि सुझावसहितको प्रतिवेदन पेश गर्न निर्देशन दिएको छ । गत साउन ३ गते राजस्व अनुसन्धान विभागले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाट बाहिरएको ठूलो परिमाणको सुन बरामद गरेको थियो । 'ब्रेक सु'भित्र लुकाएर ल्याइएको उक्त सुन गालेर जोख्दा ६० किलो ७१६ ग्राम पाइएको थियो ।

राजस्व अनुसन्धान विभागले नियन्त्रणमा लिएको उक्त सुन प्रकरणको प्रारम्भमा विभाग र पछि सरकारको निर्देशनपछि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो ( सिआइबी)ले अनुसन्धान गरेको थियो । सिआइबीले अनुसन्धानका क्रममा सुन तस्करीमा संलग्न देखिएका व्यक्तिविरुद्ध अदातलमा मुद्दा दायर गरेको छ ।

सुन तस्करी प्रकरणका सम्बन्धमा प्रमुख प्रतिपक्षी नेकपा (एमाले)लगायतका दलले उच्चस्तरीय छानबीन आयोगको माग गर्दै लामो समय संसद् अवरुद्ध गरेका थिए । गत भदौ ६ गते सरकार र राष्ट्रिय मान्यताप्राप्त राजनीतिक दलबीच यही असोज ५ सम्म उच्चस्तरीय छानबीन आयोग गठन गर्ने र सोही दिनदेखि आयोगले काम गर्ने सहमति भएको थियो ।

दलहरूबीच सहमति हुन नसक्दा आयोग गठनमा ढिलाइ भएको थियो । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड चीन भ्रमण सम्पन्न गरेर स्वदेश फर्केपछि सरकारले जाँचबुझ आयोग गठन गरेको हो ।

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

## अन्तर्राष्ट्रिय समाचार

# अस्ट्रेलियामा सात दिनभित्र चार सय जङ्गलमा आगलागी



तुवालोले अस्तव्यस्त बनेका जनजीवन । तस्वीर: सिन्ह्वा

सिड्नी, १८ असोज/सिन्ह्वा

अस्ट्रेलियाको न्यू साउथ वेल्समा गत शुक्रवारदेखि लागेको आगो बिहीवारसम्म चार सय जङ्गलमा फैलिएको स्थानीय अधिकारीहरूले बताएका छन् ।

बेगा उपत्यका, मध्य पश्चिम, हन्टर र उत्तरी कोस्टसहित राज्यका थुप्रै क्षेत्रमा आगो निभाउन अग्निनियन्त्रकहरूलाई व्यस्त समय भएको न्यू साउथ वेल्स रूरल फायर सर्भिस (आरएफएस)ले बताएको छ ।

कुलागोलाइटमा ठूलो आगलागीका कारण बेगा उपत्यका क्षेत्रमा तीनवटा सम्पत्ति नष्ट भएको पुष्टि भएको छ ।

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिज र न्यू साउथ वेल्सका प्रिमियर क्रिस मिन्सले बुधवार दिउँसो प्रभावित क्षेत्रको भ्रमण गरी सर्वसाधारणलाई 'डरलाग्दो गर्मी'को तयारी गर्न आह्वान गरेका छन् ।

"हामी अक्टोबरको पहिलो सातामा छौं र हामीले धेरै दिनदेखिको ३० डिग्री तापक्रम र उच्च हावासहितको मध्य गर्मी महसूस गरिरहेका छौं, जङ्गलमा लागेको आगोले यस्तो खालको वातावरण मन पराउँछ र यो विशेषगरी क्षेत्रीय समुदायका लागि विनाशकारी हो," प्रिमियर मिन्सले भने ।

कुलागोलाइटको आगलागीको स्तरलाई पछि 'आपत्कालीन'बाट घटाएर 'सुझाव'मा झारिएको थियो ।

बिहीवारको पछिल्लो अपडेटमा चीसो मौसम र २० मिलिमिटरको वर्षाका कारण रातभरमा आगो नफैलिएको अधिकारीहरूले पुष्टि गरेका छन् । रासस

# भारतमा हिमताल फुट्दा १० जनाको मृत्यु, ८२ बेपत्ता

गुवाहाटी, भारत, १८ असोज/एएफपी

भारतमा एउटा हिमताल फुटेर आएको भीषण बाढीमा परी मर्नेको सङ्ख्या बढेर १० पुगेको र ८२ जना अझै हराइरहेका अधिकारीहरूले बताएका छन् ।

"बाढीले सिक्किम प्रान्तका चार जिल्लामा मानिस, सडक र पुलहरू बगाएर विनाश गरेको छ"–उत्तरपूर्वी सिक्किमको पहाडी उपत्यकामा हिमताल फुटेको भोलिपल्ट बिहीवार भारतीय सेनाका प्रवक्ता हिमांशु तिवारीले भने ।

अधिकारीहरूका अनुसार बाढीले सडक गम्भीररूपमा क्षतिग्रस्त भएका छन् भने १४ वटा पुल बगाएको छ ।

"अहिलेसम्म १० वटा शव फेला परेको छ र सैनिक कर्मचारीसहित ८२ जना हराइरहेका छन्"–सिक्किम राज्यका मुख्यसचिव विजयभूषण पाठकले भने ।

हराइरहेकामध्ये २२ जना सैनिक कर्मचारी रहेका भारतीय सेनाले जनाएको छ । एकजना सैनिकको उद्धार गरिएको थियो ।

विश्वको तेस्रो सबैभन्दा अग्लो शिखर कञ्चनजङ्घामा रहेको हिमनदीको फेदमा अवस्थित ल्होनाक ताल फुट्दा पानीको बहाव बढेको हो । विश्वव्यापी तापक्रम बढ्दै जाँदा हिउँ पग्लिएर हिमनदीबाट विनाशकारी बाढी आउने क्रम बढ्दै गएको छ । रासस

# अङ्कारा बम हमलाकारी सिरियाबाट आएका हुन् -टर्कीका विदेशमन्त्री

अङ्कारा, १८ असोज/सिन्ह्वा

टर्कीका विदेशमन्त्री हकान फिदानले राजधानी अङ्कारामा हालैको आत्मघाती बम हमलाका जिम्मेवार दुई आक्रमणकारी सिरियाबाट आएको खुलासा गरेका छन् ।

"दुई आतङ्ककारी सिरियाबाट आएका र यहाँ तालिम प्राप्त गरेको स्पष्ट भएको छ"–आक्रमणको जवाफ दिने प्रतिज्ञा गर्दै पत्रकार सम्मेलनमा उनले भने ।

टर्कीको आन्तरिक मामिला मन्त्रालयको भवनमा आइतवार आत्मघाती बम हमला भएको थियो । हमलामा दुई प्रहरी अधिकारी घाइते भएका थिए ।

हमलाका क्रममा एकजना आत्मघातीले आफैंलाई उडाएका थिए भने अर्का आक्रमणकारीलाई प्रहरीले गोली हानी मारेको थियो ।

बुधवारसम्म टर्कीको आन्तरिक मामिला मन्त्रालयले दुई आक्रमणकारी कुर्दिस्तान वर्कर्स पार्टी (पिकेके) का सदस्य भएको पहिचान नगरेको भए पनि टर्कीका लडाकू विमानहरूले बम हमला भएको केही घण्टापछि नै उत्तरी इराकमा रहेको पिकेकेका संदिग्ध लक्ष्यहरूमा आक्रमण गरेको थियो ।

टर्की, अमेरिका र युरोपेली युनियनले पिकेकेलाई आतङ्ककारी सङ्गठनको सूचीमा राखेका छन् । तीन दशकभन्दा लामो समयदेखि पिकेकेले टर्कीस सरकारविरुद्ध विद्रोह गर्दै आएको छ । टर्कीले उत्तरी इराकमा पिकेकेविरुद्ध सीमापार आक्रमण शुरू गरेको छ ।

टर्कीले इस्लामिक स्टेट लडाकू र अङ्काराले पिकेकेको सिरिया शाखा भन्दै आएको कुर्दिश वाइपिजी लडाकूको 'आतङ्ककारी' हमलाहरूबाट सिरियासँगको आफ्नो सिमाना क्षेत्र सुरक्षित बनाउने प्रयास गरिरहेको छ । रासस

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# पीताम्बर स्मृति प्रतीक्षालयको उद्घाटन




तस्वीर: प्रतीक

चिरञ्जीवी सापकोटा, ठोरी, १८ असोज/

नेपाली काङ्ग्रेस, पर्साका सभापति एवं प्रदेशसभा सदस्य जनार्दन सिंह क्षत्रीले बिहीवार ठोरी गाउँपालिका–३ ओडार खोला पुलमा पीताम्बर स्मृति प्रतीक्षालयको उद्घाटन गरेका छन् । नेका कार्यकर्ता स्व पीताम्बरप्रसाद घिमिरेको सम्झनामा पीताम्बर स्मृति प्रतीक्षालय निर्माण गरिएको हो । प्रतीक्षालय नेका, ठोरीका कार्यक्रताहरूको चन्दा सहयोग रु ६० हजारको लागतमा निर्माण गरिएको नेका, ठोरीका सभापति सन्तोष श्रेष्ठले बताए ।

कार्यक्रमका प्रमुख अतिथि प्रदेश सांसद क्षत्रीले पर्सा जिल्लामा नै कुनै पनि दलले यस्तो कार्य नगरेको दाबी गरे । उनले नेका, ठोरीलाई धन्यवाद दिंदै यसरी नै पार्टी सङ्गठनले रचनात्मक काम गरेको खण्डमा कार्यकर्ताहरूको मनोबल उच्च भएर सङ्गठन गतिशील हुने बताए । नेका, पर्साका प्रवक्ता रमेश पाण्डेले ठोरी आफैंमा उदाहरणीय ठाउँ भएको हुँदा हरेक काम उदाहरणीय हुने बताए । कार्यक्रममा नेका नेताहरू श्याम पोखरेल, रामबहादुर श्रेष्ठ, अमृतकृष्ण सापकोटा, रुद्र खड्कालगायतले स्व घिमिरेको पार्टीप्रति लगावको बारेमा मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रमको सहजीकरण सचिव भक्तबहादुर श्रेष्ठले गरेका थिए ।

# बारा प्रहरीद्वारा दुईवटा लोड ट्रक नियन्त्रण



तस्वीर सौजन्य: जिप्रका, बारा

प्रस, वीरगंज, १८ असोज/

जिल्ला प्रहरी कार्यालय, बाराले दुईवटा ट्रकलाई बुधवार नियन्त्रणमा लिई कारबाई प्रक्रिया शुरु गरेको छ ।

जीतपुरसिमरा उपमहानगरपालिका–११ अमलेखगंजमा प्रहरीले चेकजाँच गर्ने क्रममा वीरगंजबाट भैरहवातर्फ जाँदै गरेको ना ६ ख ३८२८ नं.को ट्रक चेकजाँच गर्दा ४९ लाख ८२ हजार मूल्य बराबरको सामान रहेको र सो सामान बिलबिजक भन्दा बढी र स्रोत खुलाउन नसकेपछि नियन्त्रणमा लिएको जिप्रका, बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले बताएका छन् ।

यसैगरी सोही दिन वीरगंजबाट काठमाडौं जादैं गरेको ना.८.ख.४८४२ नं.को ट्रकमा ९२ लाख १९ हजार मूल्य बराबरको विभिन्न सामान बिलबिजकभन्दा बढी देखिएपछि नियन्त्रणमा लिएको प्रवक्ता प्रनाउ न्यौपानेले बताएका छन् ।

# वित्तीय शोषण र उत्पीडिनविरुद्ध किसान मजदूर सभा

प्रस, रौतहट, १८ असोज/

वित्तीय शोषण र उत्पीडिनविरुद्ध




किसान मजदूर सभा बिहीवार रौतहट जिल्ला अदालतको मूलगेटमा सम्पन्न भएको छ । सभामा वक्ताहरूले न्यायमाथि प्रश्नचिह्न खडा गरेका थिए ।

रौजिअको मूलगेटमा न्याय बेच्न पाइँदैन, किसान मजदूर जिन्दाबाद जस्ता नारा लगाएका थिए ।

मिटर ब्याज तथा ठगीविरुद्ध किसान मजदूर सङ्घर्ष समिति, रौतहटद्वारा आयोजित जुलूसका सहभागीहरू नारा लगाउँदै नगरपरिक्रमा गरेका थिए ।

# पटेलनगर विद्यालयको अध्यक्षमा निरञ्जन चयन

प्रस, परवानीपुर, १८ असोज/

वीरगंज–२१ स्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष पदमा निरञ्जन पटेल सर्वसम्मत चयन भएका छन् । बिहीवार बसेको विद्यालय व्यवस्थापन समितिको पूर्ण बैठकले पटेललाई अध्यक्षमा चयन गरेको हो ।



तस्वीर: प्रतीक

समितिका सदस्यहरूमा ज्ञानेन्द्र पटेल, महिला सदस्य चैना देवी, दलित महिला सदस्य कविता देवी, शिक्षाप्रेमी कलावती देवी, चन्दादाता हिमालयन डिस्टिलरीका अमर पोखरेल, शिक्षक प्रतिनिधि विजयालक्ष्मी यादव, वीरगंज–२१ का अध्यक्ष राधाकृष्ण साह रौनियार, सदस्य सचिवमा विद्यालयका प्रधानाध्यापक लक्ष्मणप्रसाद साह रहेका छन् ।

२०६१ सालमा स्थापना भएको सो विद्यालयमा नवनिर्वाचित अध्यक्ष पटेलको सक्रियतामा प्रदेश सरकारबाट रु २५ लाखको लागतमा भौतिक पूर्वाधार निर्माण गरिएपछि उनलाई अध्यक्ष पदमा चयन गरिएको हो । यसअघि विद्यालय व्यवस्थापन समितिका सदस्यहरू छनोट भए तापनि अध्यक्ष पदको लागि सहमतिमा विवाद उत्पन्न भएको थियो ।

# पोखरामा 'सापू'का बिरामी बढे

गण्डकी, १८ असोज/रासस

पोखरा आसपासमा आँखाको रोग 'सिजनल हाइपर एक्युट प्यानयुभाइटिस' (सापू)का बिरामी बढेका छन् । महीना दिनमा २६ जनामा 'सापू'को सङ्क्रमण भेटिएको पोखरास्थित हिमाल आँखा अस्पतालले जनाएको छ ।

"यस वर्षको पहिलो बिरामी पहिचान गत भदौ २४ गते भएको हो, गएको मङ्गलवारसम्ममा २६ जनामा सापू देखिएको छ," अस्पतालका मेडिकल निर्देशक वरिष्ठ नेत्ररोग विशेषज्ञ डा इलिया श्रेष्ठले भनिन्, "सङ्क्रमण बिस्तारै बढ्दो क्रममा छ ।"

उनका अनुसार सो अस्पतालमा गोरखा, तनहुँ, म्याग्दी, बागलुङ, स्याङ्जालगायत ठाउँका बिरामी उपचाररत छन् । सात महीनाको शिशुमा समेत उक्त रोगको सङ्क्रमण देखिएको डा श्रेष्ठले बताइन् ।

"सङ्क्रमणले आँखा जटिल अवस्थामा पुगेका बिरामीको पनि हामीले उपचार गरिरहेका छौं, कोही निको भएर घर फर्किसक्नुभएको छ," उनले भनिन्, "बेलैमा उपचार भएमा यो रोग निको हुन्छ, नत्र दृष्टि नै गुम्ने खतरा रहन्छ ।"

वर्षायाम सकिएपछि नेपालको मध्यपहाडी क्षेत्रमा 'सापू'को सङ्क्रमण फैलने गरेको डा श्रेष्ठले उल्लेख गरिन् । विशेषगरी असोजदेखि मङ्सिरसम्म 'सापू'ले प्रकोपको रूप लिने गरेको उनको भनाइ छ । पहिलोपटक सन् १९७५ मा पोखराको नारायणटारमा 'सापू' रोग भेटिएको थियो ।

नेत्ररोग विशेषज्ञ डा मदन उपाध्यायले यो रोग पत्ता लगाएका थिए । बर्सेनि पोखरा र आसपासका क्षेत्रमा यो रोगको सङ्क्रमण बढी देखिने गरेको हिमालय आँखा अस्पतालले जनाएको छ । बत्तीमा झुम्मिने कालो धर्सा भएको सेतो पुतलीको सम्पर्कबाट 'सापू' रोग लाग्ने गरेको डा श्रेष्ठले बताइन् ।

"सापूको रोगको यकीन कारण अझै पत्ता लागेको छैन, सेतो पुतलीको रौं आँखामा पुग्दा यसको सङ्क्रमण हुने गरेको छ," उनले भनिन्, "लक्षण देखिएको ४८ घण्टाभित्र उपचार नपाए दृष्टि नै गुम्न सक्छ, यो रोगबारे समुदायमा सचेतनाको जरुरी छ ।"

जटिल अवस्थाका बिरामीलाई आँखाभित्र औषधिको सुइँ लगाएर शल्यक्रियामार्फत उपचार गर्ने गरिएको चिकित्सक बताउँछन् । उक्त रोगबाट जोगिन स्वास्थ्य सजगता अपनाउनुपर्ने नेत्र सहायक गणेश महतोले बताए । 'सापू'को सङ्क्रण भएमा आँखा रातो हुने, उज्यालोमा हेर्न गाह्रो हुने, आँखाको गेडी दुख्ने, दृष्टि क्षमता कमजोर हुने जस्ता लक्षण देखिने गरेको उनको भनाइ छ ।

"रातिमा धेरै उज्यालो बत्ती बालेर नसुत्ने, हात या कुनै माध्यमबाट सेतो पुतलीको सम्पर्कका नजाने, झुलभित्र सुत्ने गरेमा सापूको सङ्क्रमणबाट जोगिन सकिन्छ," उनले भनिन्, "सापूको शङ्कास्पद लक्षण देखिएमा तुरुन्त चिकित्सकको सल्लाह लिएर उपचार शुरू गर्नुपर्छ ।"



सन्तान र पतिको दीर्घ जीवन, पुत्रप्राप्ति तथा पारिवारिक सुःख–शान्तिका कामनासहित तराई/मधेस क्षेत्रमा मनाइने जितिया पर्वको अवसरमा बिहीवार पोखरीमा झिगनीको पातमा खरी र तेल चढाउँदै भक्तजन। तस्वीरः नितेश कर्ण

# जितिया पर्वको लागि शुक्रवार विद्यालय बिदा

प्रस, वीरगंज, १८ असोज/

वीरगंज महानगरपालिकाले शुक्रवार जितिया पर्वको अवसरमा महानगरमा रहेका विद्यालयहरूमा बिदा दिएको छ।

प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले बिहीवार सूचना जारी गर्दै शुक्रवार वीरगंजमा रहेका सामुदायिक तथा संस्थागत विद्यालय बिदा दिने निर्णय भएको बताए।

तराई/मधेसमा मनाइने जितिया आजदेखि विधिवत्‌रूपमा शुरू भएको छ। व्रत बस्नुअघि आज व्रतालु महिलाले नदी, तलाउ वा पोखरीमा नुहाएर सोही ठाउँमा झिगनीको पातमा भगवान् जीमूत वाहन र दिवङ्गत पितृलाई चिउरा, दही, अमोट (आँपको रसबाट तयार हुने खाद्य पदार्थ) र पिना प्रसादको रूपमा चढाइ आफू पनि खाने र परिवारका सबै सदस्यलाई खुवाउने गर्छन्।

शुक्रवार बिहान ४ बजेदेखि निराहार एवं निर्जल व्रत बसी शनिवार बिहान साढे १० बजेपछि मात्रै व्रतालुले व्रत सम्पन्न गर्छन्।


## हेलो सरकारले के गर्छ ?

- सार्वजनिक निकायमा हुने भेदभाव, वञ्चिति, सेवाप्राप्तिमा अवरोध, नोक्सानी एवं कुनै पीरमर्काबारे नागरिकका गुनासा सुन्छ।
- कतिपय गुनासो कार्यकक्षबाटै सम्बन्धित निकायसँग सम्पर्क गरी सम्बोधन हुन्छ।
- गुनासा सम्बोधनका लागि सम्बन्धित निकायहरूमा निर्देशनसहित पठाउँछ।
- गुनासोउपर कारबाई भए नभएको नियमित ताकेता।
- गुनासो व्यवस्थापन गर्ने जिम्मेवार अधिकारीसँग निरन्तर छलफल हुन्छ।

त्यसैले,

आफूलाई परेको पीरमर्का तथा गुनासो हेलो सरकारमा टिपाऔं, समस्याको समाधान खोजौं।

नेपाल सरकार

विज्ञापन बोर्ड







## निचुटाका जादु देखाउने शिक्षक सम्मानित

प्रस, परवानीपुर, १८ असोज/

काठमाडौंमा भर्खरै सम्पन्न राहत शिक्षक आन्दोलनको क्रममा जादु देखाएर चर्चामा आएका पर्साका एकजना



शिक्षकलाई सम्मान गरिएको छ।

पटेर्वासुगौली गाउँपालिका–५ निचुटास्थित नेरामावि निचुटाका मावि तहका राहत शिक्षक देवेन्द्रप्रसाद साह कानूलाई बिहीवार विद्यालयले खादा ओढाएर फूलमालासहित सम्मान गरेको हो। विद्यालयका प्रधानाध्यापक श्याम घिमिरेका अनुसार आन्दोलनको क्रममा मनोरञ्जन प्रदान गर्न निकै गहकिलो जादु देखाएर सञ्चारमाध्यममा लोकप्रिय भएपछि उनलाई स्थानीयस्तरमा सम्मानित गरिएको हो।

विद्यालय परिसरमा आयोजित कार्यक्रममा प्रधानाध्यापक, शिक्षक, विद्यार्थीहरूले आफूलाई सम्मान गर्दा निकै खुशी लागेको शिक्षक कानूको भनाइ छ। तीन वर्ष निजी स्रोतमा काम गरेका मावि राहत शिक्षक कानू २०६६/६/७ गते राहत दरबन्दीमा नियुक्त भई हाल १७ वर्षदेखि शिक्षण पेशामा आबद्ध छन्।

**चालू आवमा ...**

कार्यालयलाई चालूतर्फ एक करोड २८ लाख र पूँजीगततर्फ १६ करोड ४९ लाख, डिभिजन वन कार्यालयलाई चालूतर्फ छ करोड ९५ लाख र पूँजीगततर्फ छ करोड ५९ लाख, पूर्वाधार विकास कार्यालयलाई चालूतर्फ आठ करोड ११ लाख र पूँजीगततर्फ एक अर्ब ५० करोड, शहरी विकास तथा भवन कार्याललाई चालूतर्फ नौ कारोड ५२ लाख र पूँजीगततर्फ ४७ करोड ७५ लाख, मधेस विश्वविद्यालयलाई चालूतर्फ २० करोड, सामाजिक विकास कोषलाई पूँजीगततर्फ ५७ करोड ३० लाख, स्वास्थ्य कार्यालयलाई चालूतर्फ दुई करोड ५९ लाख र पूँजीगततर्फ सात करोड ६७ लाख, आयुर्वेद कार्यालयलाई चालूतर्फ एक करोड २२ लाख र पूँजीगततर्फ पाँच करोड २० लाख रकम विनियोजन गरिएको जानकारी प्राप्त भएको छ।

# खेलकूदको संसार

## एशियाली खेलकूदः ३८ राष्ट्रलाई पदक, चीन शीर्षस्थानमा कायमै

काठमाडौं, १८ असोज/रासस

१९औं एशियाली खेलकूद, २०२२ अन्तर्गत बुधवारसम्म १,२०८ पदकको छिनोफानो भएको छ। बुधवारसम्मको खेल प्रदर्शनका आधारमा १९औं एशियाली खेलकूदमा सहभागी कुल ४५ राष्ट्रमध्ये हालसम्म ३८ राष्ट्रले पदक प्राप्त गर्न सफल भएका छन्। हालसम्म चीन १७२ स्वर्ण, ९५ रजत र ५२ कांस्यसहित ३१९ पदक प्राप्त गर्दै शीर्षस्थानमा कायम छ। यस्तै, जापान ३७ स्वर्ण, ५१ रजत र ५९ कांस्यका साथ १४७ पदक प्राप्त गर्दै दोस्रो स्थानमा छ। दक्षिण कोरिया ३३ स्वर्ण, ४५ रजत, ७० कांस्यसहित १४८ पदकका साथ तालिकाको तेस्रो स्थानमा रहेको छ। भारत १८ स्वर्ण, ३१ रजत र ३२ कांस्यसहित ८१ पदकका साथ चौथो स्थानमा छ। उज्बेकिस्तान १६ स्वर्ण, १६ रजत र २२ कांस्यसहित ५४ पदकका साथ पाँचौं स्थानमा छ।

यसैगरी, चाइनिज ताइपेई १३ स्वर्ण, १४ रजत र २१ कांस्यसहित ४८ पदक प्राप्त गर्दै छैटौं, थाइल्यान्ड १० स्वर्ण, १२ रजत र २४ कांस्यसहित ४६ पदकका साथ सातौं, बहराइन १० स्वर्ण, एक रजत र पाँच कांस्यसहित १६ पदकका साथ आठौं, उत्तर कोरिया नौ स्वर्ण, १२ रजत र आठ कांस्यसहित २९ पदकका साथ नवौं तथा हङकङ चाइना सात स्वर्ण, १५ रजत र २८ कांस्यसहित कुल ५० पदक प्राप्त गर्दै पदक तालिकाको १०औं स्थानमा रहेका छन्।

**नेपाल पदकविहीन हुनबाट जोगियो**

१९औं एशियाली खेलकूदमा नेपाल पदकविहीन हुनबाट जोगिएको छ। महिला कबड्डीतर्फ नेपालले पदक पक्का गरेको हो। चीनको हाङझाउमा जारी प्रतियोगिता अन्तर्गत बुधवार सम्पन्न खेलमा इरानले बङ्गलादेशलाई ५४–१६ अङ्कले पराजित गरेसँगै नेपाल समूह 'बी'को उपविजेताका रूपमा सेमिफाइनल प्रवेश गरेको थियो। सेमिफाइनलमा प्रवेश गरेसँगै नेपालले जारी एशियाली प्रतियोगितामा कम्तिमा कांस्य पदक प्राप्त गर्ने टुङ्गो लागेको हो। कबड्डीमा सेमिफाइनल पुग्ने चारवटै टोलीले पदक प्राप्त गर्ने प्रावधान छ।

महिला कबड्डीतर्फ नेपालले पहिलोपटक एशियाली खेलकूदमा भाग लिएको हो। नेपाल रहेको समूह 'बी' मा इरान र बङ्गलादेश रहेका थिए। इरान समूह 'बी'को विजेताका रूपमा प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। नेपालले पहिलो खेलमा सोमवार बङ्गलादेशलाई ३७–२४ अङ्कले पराजित गरेको थियो भने दोस्रो खेलमा मङ्गलवार इरानसित १९–४३ अङ्कले पराजित भएको थियो। महिला कबड्डीतर्फ समूह 'ए'मा भारत, थाइल्यान्ड, चाइनिज ताइपेई र दक्षिण कोरिया रहेका छन्। नेपालले अब समूह 'ए'को विजेता टोलीसित सेमिफाइनल खेल्नेछ।

## एथलेटिक्समा नेपालको चुनौती समाप्त

काठमाडौं, १८ असोज/रासस

चीनको हाङझाउमा जारी १९औं एशियाली खेलकूद प्रतियोगिता अन्तर्गत एथलेटिक्समा नेपाललको चुनौती समाप्त भएको छ। एथलेटिक्सको म्याराथनमा नेपालबाट समान १–१ पुरुष/महिला खेलाडीले आज प्रतिस्पर्धा गरेका थिए। योसँगै एथलेटिक्समा नेपालको चुनौती समाप्त भएको हो।

नेपालबाट पुरुषमा राजन रोकाया र महिलामा पुष्प भण्डारी दौडेका थिए। पुरुषमा राजन समग्रमा १४औं स्थानमा रहे। उनले निर्धारित दूरी पूरा गर्न दुई घण्टा २३ मिनेट १७ सेकेन्ड समय खर्चे। १८ खेलाडी सहभागी भएकोमा साउदी अरेबिया र किर्गिस्तानका खेलाडीले दौड पूरा गरेनन्। चीनका जी हेले दुई घण्टा १३ मिनेट ०२ सेकेन्डमा दौड पूरा गर्दै स्वर्ण जितेका हुन्।

त्यस्तै, महिलामा पुष्पाले निर्धारित दूरी तीन घण्टा ०२ मिनेट ३७ सेकेन्डमा सकाइन्। १७ खेलाडी सहभागी दौडमा पुष्पाले १६औं स्थानमा दौड टुङ्ग्याइन्। बहराइनकी जिसा मोकानिन डेसीले दौड पूरा गर्न सकिनन्।

बहराइनकै पाउल छुम्बा युनिस छेबिचीले पहिलो स्थान हात पारिन्। उनले निर्धारित दुरी दुई घण्टा २६ मिनेट १४ सेकेन्डको समय खर्चंदै स्वर्ण जितेकी हुन्।

## बैंकको चर्को ब्याजले उद्योगी, व्यापारी आक्रान्त –अध्यक्ष नेपाल

प्रस, निजगढ, १८ असोज/

जबसम्म कृषि उत्पादनबाट देशको अर्थतन्त्र बलियो बनाउन सकिंदैन, तबसम्म कसैको कल्याण हुन नसक्ने पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले बताएका छन्।

मेचीबाट शुरू भएको समाजवादी जागरण अभियानको क्रममा बिहीवार बाराको सदरमुकाम कलैयास्थित भरतचोकमा आयोजित कार्यक्रममा उनले किसानहरूलाई जबसम्म समयमैं सिंचाइ सुविधा, बीउबिजन, मल, आवश्यक पर्ने कृषि सामग्रीहरू सुलभ मूल्य वा अनुदानमा राज्यले उपलब्ध गराउन सक्दैन, तबसम्म कृषि क्षेत्रबाट चाहेजस्तो उत्पादन पाउन नसकिने बताए। आफ्नो दलको कृषि, शिक्षा, स्वास्थ्य क्षेत्रको उन्नति र रोजागरको यथोचित व्यवस्थापनमा सरकार लाग्नुपर्ने स्पष्ट विचार रहेको नेता नेपालले बताए।

राज्यबाट उचित ऋण, अनुदानको व्यवस्था, उत्पादित वस्तुको बजारीकरणको व्यवस्था गर्नुपर्ने बताउँदै कृषि उत्पादनसँग देशको आर्थिक समृद्धि जोडिएको बताए।

अधिकांश उद्योगी, व्यापारी, सेवाग्राहीहरू बैंकको चर्को ब्याजदरका कारण आक्रान्त बनिरहेका उनको जिकिर थियो। मिटरब्याजीका पीडा भोगिरहेका गरीबहरूको समस्याको समाधानमा सरकार इमानदारीका साथ खरो उत्रनुपर्ने नेता नेपालले सरकारलाई



कार्यक्रममा सम्बोधन गर्दै नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल। तस्वीरः जीतलाल श्रेष्ठ

सुझाए।

हामी सबै नेपाली हौं, हाम्रो नेपाल हो। जातपात, धर्म, संस्कृतिका नाउँमा कोही कसैमाथि आक्रामक बन्न नहुने, कोही कसैलाई विभेद गर्न नहुने, सबै एकताबद्ध भई शान्ति, सुरक्षा, अमनचयनले रम्न पाउने वातावरण सबैले आआफ्नो ठाउँबाट हृदय खोलेर बनाउनुपर्ने उनले सबैलाई आग्रह गरे।

अभियानमा पूर्वप्रधानमन्त्री एवं पार्टीका वरिष्ठ नेता झलनाथ खनाल, नेताहरू घनश्याम भुसाल, जगन्नाथ खतिवडा, राजेन्द्र पाण्डे, कृष्णकुमार श्रेष्ठ, रामचन्द्र झा, शत्रुघ्न महतो, छोटे यादवलगायतका नेता, कार्यकर्ताहरूको सहभागिता थियो।

मेचीबाट शुरू भएको समाजवादी जागरण अभियान एक हजार दुई सय किलोमिटर पूरा गरी सुर्खेतमा समापन हुने जनाइएको छ।

## अधिवेशनका लागि प्रतिनिधि चयन

प्रस, वीरगंज, १८ असोज/

नेकपा एमाले पर्साबाट मधेस प्रदेशको प्रथम अधिवेशनको लागि १३० जना सर्वसम्मत चयन भएका छन्।

१४ वटा पालिका, अल्पसङ्ख्यक, आदिवासी, दलित, महिला, युवा, पिछडिएका वर्गलगायतबाट १३० जना प्रतिनिधि चयन भएको र उनीहरूलाई बिहीवार एमाले पार्टी कार्यालयमा शपथ ग्रहणसहित प्रमाणपत्र वितरण गरिएको प्रमुख निर्वाचन अधिकृत विनोद गिरीले बताए।

गिरीको अध्यक्षतामा आयोजित कार्यक्रमका प्रमुख अतिथि सांसद राजकुमार गुप्ताले प्रमाणपत्र वितरण गरेका थिए।

पर्साबाट मनोज गुप्ता, बिना शर्मा, महम्मद नेजाम, पवन तिवारी, रामप्रीत महतो थारू, शिव पटेल, ज्योति चौरसिया, किरणदेवी गुप्ता, सुषमा कुशवाहालगायत १३० जना प्रदेश परिषद् सदस्य सर्वसम्मत चयन भएका छन्। कार्यक्रममा पर्सा जिल्ला संयोजक डा विश्वम्भर शर्मा, पूर्वनगरप्रमुख विजय सरावगी, जालिम मियाँ, बिना शर्मा, शिव पटेललगायतले मन्तव्य व्यक्त गरेका थिए।

## सङ्घर्षका कार्यक्रम सहमतिपछि स्थगित

प्रस, निजगढ, १८ असोज/

सुकुमबासी सङ्घर्ष समिति, निजगढले शुक्रवारदेखि निजगढ नगरपालिकामा पाँच दिने सङ्घर्षका कार्यक्रम गर्ने घोषणा गरेपछि बिहीवार निजगढ नगरपालिकाले भूमिसम्बन्धी कार्यलाई तदारूकताका साथ अघि बढाउने सहमति गरेपछि स्थगित भएको जनाएको छ।

सङ्घर्ष समिति, नगरप्रमुख सुरथ पुरी र वडासमेतको संयुक्त पहलमा भूमिसम्बन्धी कामकारबाहीलाई अगाडि बढाइने निर्णयसहित प्रतिबद्धता जनाएपछि गत मङ्गलवार पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएका सङ्घर्षका कार्यक्रम हाललाई स्थगित गरिएको सङ्घर्ष समितिका संयोजक बेनीबहादुर मोक्तानले जानकारी दिए।